जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३३, २०७९ साल फागुन १२ गते शुक्रबार, नेपाल संवत् ११४३ (Feb. 24, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### अस्ट्रेलियाका विद्यार्थीलाई खुसीको खबर

काठमाडौं । अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीले आगामी जुलाई १ तारिखदेखि हप्तामा २४ घन्टा काम गर्न पाउने भएका छन् ।

अस्ट्रेलियाको शिक्षा विभागले यसै हप्ता जारी गरेको सूचना अनुसार, यसअघिको १५ दिनमा ४० घण्टा काम गर्न पाउने नियमलाई संशोधन गरिएको हो ।

हाल कोभिडका कारण कामदार अभाव भएपछि विदेशी विद्यार्थीहरूले काम गर्ने समयसीमा हटाइएको थियो । यसअघि भने विद्यार्थीले दुई हप्ताको ४० घण्टा काम गर्न पाउने नियम रहेको थियो । बाँकी ८ पेजमा

### प्रदेश खारेजीको प्रस्ताव ल्याउन सांसदको माग

काठमाडौं । वाग्मती प्रदेश सभाको बुधबारको बैठकमा सत्ताधारी दलका सांसदबाट पुनः प्रदेश खारेजीको माग उठेको छ । बैठकको शून्य समयमा बोल्दै सत्ताधारी दल राप्रपाका सांसद राजेन्द्र प्रजापतिले प्रदेश खारेजीको माग गरेका छन् । उनले प्रदेश खारेजीको प्रस्ताव तत्काल संसदमा ल्याउन आग्रह गरेका छन् ।

'राजनीतिक विषयमा बाहेक आर्थिक र सामाजिक विषयमा आत्मनिर्णयको अधिकार सदुपयोग गर्न नपाउने हो भने प्रदेश सभा तत्काल खारेज बाँकी ८ पेजमा

# बाह्य शक्तिकेन्द्रहरूको अस्वाभाविक चलखेल

**सन्दर्भ : राष्ट्रपति निर्वाचन**

काठमाडौं । देशको तेस्रो राष्ट्रपतिको निर्वाचन फागुन २५ गते हुँदैछ । भोलि १३ गते शनिबार मनोनयनको दिन हो । भावी राष्ट्रपति को हुने ? भन्नेमा राजनीतिक दल र तिनका नेताहरूबीच घम्साघम्सी चलिरहेको छ । बालुवाटारबाट प्रधानमन्त्री प्रचण्ड र बालकोटबाट एमाले अध्यक्ष केपी शर्मा ओली नेताहरूलाई राष्ट्रपतिको ललिपप देखाइरहेका छन् ।

ओलीले विष्णु रिमाल, डोरमणि पौडेल, ईश्वर पोखरेल, सुवासचन्द्र नेम्बाङ र माधवकुमार नेपाललाई राष्ट्रपतिको उम्मेदवारका रुपमा अघि सारिसकेका छन् । प्रधानमन्त्री प्रचण्ड भने राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन गरिनुपर्ने अडानमा छन् । प्रधानमन्त्री प्रचण्डले स्पष्ट संकेत गरेका छन्– एमालेबाट राष्ट्रपति अस्वीकार । प्रधानमन्त्रीले नेपाली कांग्रेसलाई राष्ट्रपतिका लागि ग्रिन सिग्नल दिएसँगै रामचन्द्र पौडेल र कृष्ण सिटौला राष्ट्रपतिका लागि चर्को दौडधुपमा लागेका छन् ।

कांग्रेसभित्रबाट सभापति शेरबहादुर देउवा नै राष्ट्रपतिको उम्मेदवार बने जित सहज हुने निष्कर्ष निस्किरहेको छ । मधेसवादी दल लोसपाले पनि वयोवृद्ध पूर्वकांग्रेस नेता एवं हालका अध्यक्ष महन्थ ठाकुरलाई पनि राष्ट्रपतिमा अघि सारेको छ । ठाकुर बालवाटार, बालकोट र देउवा निवास धापासी धाइरहेका छन् । नेताहरूको दौडधुप दिनहुँको भेटघाट र राष्ट्रपतिमा आएका नामहरूले लाग्छ मुलुकमा कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचन हुँदैछ ।

यही बेला विदेशी शक्तिकेन्द्रहरू पनि आफूप्रति अनुग्रहित नेतालाई नेपालको राष्ट्रपति बनाउन अस्वाभाविक चलखेल गरिरहेका छन् । भारतीय विदेश सचिव विनयमोहन क्वात्राले १३ जना नेपालका नेताहरूलाई भेटेर राष्ट्रपतिकै बारेमा चासो प्रकट गरेका थिए । उनको यस्तो



कूटनीतिक दौपधुपले भारत आफ्नो अनुकूलको व्यक्तिलाई राष्ट्रपति बनाउन उद्यत छ भन्ने कुरा दिनको घामजस्तै छर्लंग छ ।

भारतको सबैभन्दा ठूलो चासो नागरिकता विधेयकमा छ । यस्तै प्रकृतिको नागरिकता विधेयक गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीकालमा संसदले अर्थविधेयकका रुपमा लालमोहरका लागि नारायणहिटी दरबार पठाएको थियो । तर तत्कालीन राजा वीरेन्द्रले सो विधेयकमाथि लालमोहर ठोक्न मानेनन् । उनले रायका लागि सर्वोच्च अदालत पठाइदिए । सर्वोच्चले विधेयक रोकिदियो । जनसांख्यिक अस्त्रद्वारा तराईलाई भारतमा गाभ्ने दिल्लीको मुरादमाथि पानी फेरियो । फेरि भारतीय डिजाइनमा नागरिकता विधेयक ल्याएर संसदबाट २ पटक पारित गरी शितलनिवास पठाइयो लालमोहनका लागि । तर राष्ट्रपति विद्यादेवी भण्डारीले सो राष्ट्रघाती नागरिकता विधेयक पेन्डिङमा राखिदिइन् । भारत प्रो–इन्डियन नेपाली नेतालाई राष्ट्रपति बनाएर उक्त नागरिकता विधेयक कार्यान्वयन तहमा ल्याउने मकसदमा छ । यसकै लागि भारतीय राजदुत नवीन श्रीवास्तवले राजनीतिक भेटघाटलाई तीव्र बनाइरहेका छन् । ब्रिटिश लेखक जेपी क्रसले लेखेको 'द कल अफ नेपाल' नामक पुस्तकमा उल्लेख भएअनुसार भारतले सन् २००० सम्ममा नेपाललाई आफ्नो एक प्रान्त बनाउने सपना देखेको थियो । तर दिल्लीको त्यो सपना अहिलेसम्म पूरा भएको छैन । त्यसको पूर्व रियलसलका रुपमा नागरिकता विधेयकलाई ल्याइएको छ ।

अमेरिका, युरोपेली युनियन र अर्को छिमेकी मुलुक चीन पनि नेपालको भावी राष्ट्रपतिका बारेमा उत्तिकै चासो राख्दै कूटनीतिक सक्रियता बढाइरहेका छन् । अमेरिकाले एमसीसीपछि अर्को सैन्य कार्यक्रम निकट दिनमै नेपालमा ल्याउँदैछ भन्छन् जानकारहरू । युरोपेली युनियन पनि आफ्नो स्वार्थ रोक्ने हैसियतको मान्छे नेपालको राष्ट्रपति नहोस् भन्ने चाहन्छ । चीन त अहिले नेपालको आन्तरिक राजनीतिमा भारतको चलखेल रोक्ने गरी आक्रामक कूटनीति अख्तियार गरिरहेको छ । चिनिया राजदूत छोङको बढ्दो राजनीतिक भेटघाटले पनि त्यसलाई पुष्टि गर्छ ।

भरसक वामपन्थी पृष्ठभूमिकै अमुक व्यक्ति राष्ट्रपति बने कूटनीतिक सहजता हुने उसको बुझाइ देखिन्छ । एमालेको समर्थनमा पुस १० गते बनेको नयाँ सत्ता गठबन्धनको जननी चीन नै हो भन्नेहरू समेत छन् । अमेरिका चीनको महत्वाकांक्षी परियोजना 'बेल्ट एन्ड रोड इनिसिएटिभ' लाई अघि बढ्न नदिने रणनीतिमा छ । अमेरिकाको साथमा भारत रहेको छ । यसैलाई भुत्ते तुल्याउने अभिप्रायले अमेरिकाले एमसीसी भित्र् याइसकेको छ । उसले लगत्तै अर्को सैन्य कार्यक्रम एमपीपी पनि ल्याउनै लागेको थियो । तर जनस्तरबाट यसको व्यापक विरोध भएपछि अमेरिका पछि हट्यो । उसले यही सैन्य प्रोग्राम नाम बदलेर ल्याउने जमर्को गरिरहेको छ । यसका लागि उसलाई आफ्नो अनुग्रहको राष्ट्रपति चाहिएको छ ।

चीनको बढ्दो

प्रभावशाली अर्थ राजनीतिबाट अमेरिका निकै बेचैन छ । तिब्बतलाई चीनको मानचित्रबाट अलग गराएर अमेरिका चीनकै नाममा आफ्नो प्रभावको नयाँ राज्य जन्माउने खतरनाक रणनीतिका साथ लामो समयदेखि अघि बढिरहेको छ । भारतलाई पनि चीनसँगको सन् १९६२ को युद्धको बदला लिनु छ । यस अर्थमा अमेरिका र भारत दुवै एउटै विन्दुमा उभिएका छन् । नेपालको भौगोलिक बनावट चीनविरुद्ध परेड खेल्ने राम्रो बाँकी ८ पेजमा

## विलियम्सको नेपाल भ्रमण प्रस्ताव अस्वीकृत



काठमाडौं । नेपाल सरकारले अमेरिकी जासुसी संस्था 'सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी' (सीआईए) का निर्देशक (प्रमुख) विलियम्स जोसेफ बर्न्सको भ्रमण रोकेको खुलेको छ। बर्न्सले फागुन ३ र ४ मा नेपाल भ्रमण गर्ने गरी अमेरिकाले प्रस्ताव राखेकामा नेपाल सरकारले समय अनुकूल नभएको भन्दै स्वीकृति नदिएको परराष्ट्र स्रोतले जनाएको छ।

अमेरिकी सरकारले बर्न्स आउने मिति, विमानका लागि स्थान, बर्न्स आफैंले ल्याउने गाडी र सुरक्षालगायत विषयमा नेपाल बाँकी ८ पेजमा

## ह्यारीले लिए अमेरिकी संसदमा शपथ



काठमाडौं । अमेरिकाको मेरिल्याण्ड राज्यको 'जनरल एसेम्वली'मा दोस्रो पटक विजय हासिल गरेका नेपालीमुलका पहिलो अमेरिकी विधायक डा. ह्यारी भण्डारीले शपथ ग्रहण गरेका छन् ।

नेपालीमुलबाट अमेरिकाको राज्य संसद्मा प्रतिनिधित्व गर्नेमा भण्डारी पहिलो हुन् । मेरिल्याण्ड राज्यको राजधानी एनापोलिसमा आयोजित शपथ ग्रहण कार्यक्रममा भण्डारी हिन्दूहरूको पवित्र ग्रन्थ भागवत गीता छोएर शपथ ग्रहण गरेका हुन् ।

बाँकी ८ पेजमा

## आठ खर्ब २५ अर्ब व्यापार घाटा

काठमाडौ । चालु आर्थिक वर्षको ७ महिने अवधिमा नेपालको कूल व्यापार घाटा ८ खर्ब २५ अर्ब ७३ करोड पुगेको छ । भन्सार विभागले बुधबार सार्वजनिक गरेको वैदेशिक व्यापारको तथ्याक अनुसार माघ मसान्तसम्ममा नेपालले कूल १० खर्ब १२ अर्ब ५९ करोड ७६ लाख बराबरको वैदेशिक व्यापार गरेको छ । यसमध्ये ९ खर्ब १९ अर्ब १६ करोड ५३ लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा ९३ अर्ब ४३ करोड २३ लाख बराबरको मात्रै निर्यात व्यापार भएको छ । यो अवधिमा नेपालले गरेको कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ७७ प्रतिशत र निर्यातको हिस्सा नौ

दशमलव २३ प्रतिशत छ । गत माघ मसान्तसम्म भएको वैदेशिक व्यापारबाट दुई खर्ब १२ अर्ब १२ करोड ७४ लाख बराबर भन्सार राजस्व बाँकी ८ पेजमा

## विश्वकप छनोट : नेपाली टोली युएईमा

काठमाडौं । संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजना हुने आइसिसी १९ वर्षमुनि (यू-१९) पुरुष विश्वकपको एसिया क्षेत्र छनोट प्रतियोगिता खेल्न नेपाली टोली युएई प्रस्थान गरेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले युएई जाने नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका छन् । बाँकी ८ पेजमा

## चर्को ब्याजदरविरुद्ध व्यवसायी सडकमा

काठमाडौं । बैंक तथा वित्तीय संस्थाले कायम राखेको चर्को ब्याजदरविरुद्ध व्यवसायी फेरि सडक संघर्षमा उत्रिएका छन् । उद्योगी व्यवसायीका विभिन्न संगठन काठमाडौंको सडकमा फेरि चर्को बैंक ब्याजदरविरुद्ध यस्तो सडक संघर्ष तथा प्रदर्शनमा उत्रिएका हुन् । उद्योगी व्यवसायीका बाँकी ८ पेजमा

## अब चीनले पनि नेपालको बिजुली किन्ने



भारत र बंगलादेशपछि उत्तर छिमेकी मुलुक चीनले पनि नेपालबाट बिजुली किन्ने भएको छ। चीनले आफ्नो स्वशासित राज्य तिब्बतका लागि नेपालबाट बिजुली किन्ने प्रस्ताव गरेको हो। सन् २०१८ मा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा दुई देशबीच ऊर्जामा सहकार्य गर्ने सहमति भएको थियो।

सोहीअनुसार नेपाल-चीनबीच प्रसारण लाइन बनाउने तथा समग्र ऊर्जा विकासमा सहकार्य गर्ने उद्देश्यसहित गठित संयुक्त वर्किङ कमिटीको पहिलो बैठक गत मंगलबार काठमाडौंमा सम्पन्न भएको छ। बैठकमा सहभागी चिनियाँ टोलीले तिब्बत क्षेत्रका लागि नेपालबाट विद्युत् किन्ने प्रस्ताव गरेका हुन्। यद्यपि, नेपालमा विद्युत् अभाव हुने समय हिउँदमा नै विद्युत् खरिद गर्ने प्रस्ताव गरेको छ।

बैठकमा नेपालको तर्फबाट नेपाल विद्युत् प्राधिकरणका प्रसारण निर्देशनालय प्रमुख तथा उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ र चीनको तर्फबाट स्टेट ग्रिड कर्पोरेसन अफ चाइनका डिएमडी झु ग्वान्चाले नेतृत्व गरेको थिए।नेपालले भारतसँग पहिलेदेखि नै विद्युत् व्यापार गर्दै आएको छ। साथै, बंगलादेशमा पनि आगामी बर्खामा विद्युत् निर्यात गर्ने तयारी छ। अब चीनतर्फ पनि विद्युत् व्यापारको ढोका खुल्ने संकेत देखिएको हो।

तिब्बतमा पनि नेपालकै जस्तो जलविद्युत् आयोजनाबाट बर्खाको समयमा मागभन्दा बढी विद्युत् उत्पादन हुन्छ। तर, हिउँदमा मागभन्दा पनि कम (कुल क्षमताको एकतिहाइ) विद्युत् उत्पादन हुन्छ। जुनवेला तिब्बतमा चीनको अन्य राज्यबाट विद्युत् ल्याइन्छ, चीनमा विद्युत्को जडित क्षमता माग भन्दा दुई-तीन गुणा बढी छ।

त्यसअनुसार चीनमा विद्युत्को खास अभाव छैन। तर, तिब्बतमा अन्य राज्यबाट विद्युत् ल्याउँदा प्रसारण चुहावटलगायतका कारण लागत बढी लाग्ने गरेको छ। त्यसपछि चीनले तिब्बतका लागि नेपालबाट विद्युत् आयात गर्ने योजना बनाएको छ। चीनमा सोलार, हावाबाट बढी विद्युत् उत्पादन हुन्छ। ऊर्जाका लागि जलविद्युत् भने त्यहाँको तेस्रो नम्बरको स्रोत हो।

यद्यपि, बैठकमा यसबारे सहमति भने भइसकेको छैन। तत्काललाई नेपालले हिउँदमा तिब्बतलाई के-कति विद्युत् उपलब्ध गराउन सक्छ र तिब्बतले पनि के-कति विद्युत् खरिद गर्न सक्छ भन्नेबारे अध्ययन गर्ने सहमति भएको छ। अब यस बाँकी ८ पेजमा

## नेपाली चालकलाई युएई र कतारमा प्रतिबन्ध

काठमाडौं । वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा युनाइटेड अरब इमिरेटस् (युएई) र कतारमा मोटरसाइकल र ट्याक्सी चालक पदका लागि जान रोक लगाएको छ । विभागले सूचना प्रकाशित गरी यसबारे जानकारी गराएको हो ।

युएई र कतारमा यी पदमा गएका अधिकांश श्रमिक बाँकी ८ पेजमा

## मतदाता नामावली सार्वजनिक

काठमाडौं । फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली सार्वजनिक गरिएको छ । संघीय संसद बानेश्वरमा रहेको राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयले अन्तिम नामावली सार्वजनिक गरेको हो । निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम नामावलीमा ८८१ जनाको नाम सार्वजनिक गरेको हो ।

यसमा संघीय बाँकी ८ पेजमा

**समय-सन्दर्भ**

## मुलुकमा अदृश्य शत्रुको बिगबिगी

■ युवराज गौतम

देखिएकाभन्दा छेकिएका शत्रु बढी घातक हुन्छन् । सरकारी भेषमा हुन् वा नकच्चरो-निर्वस्त्र 'आवरण' मा, उनीहरू स्वराष्ट्रको होइन, अरूकै सेवामा दत्तचित्त रहन्छन् ।

झण्डै बीस वर्ष पहिलेको कुरा हो । म एउटा राष्ट्रिय दैनिकको प्रधानसम्पादक थिएँ । राजकाजका कतिपय सूचना पाइरहन्थे । जुन छाप्न मिल्दैनथ्यो । चर्चा, छलफल र बहस गर्न पनि मिल्दैनथ्यो ।

काठमाडौँमा कार्यरत केही कूटनीतिज्ञहरूले जलपान र भोजमा बोलाउने गर्थे । कूटनीतिक शिष्टाचारका कारणले पनि सदैव उनीहरूको आग्रह टार्न सकिने अवस्था थिएन । मित्रवत् व्यवहार गर्ने एकजना राजदूतले फोनमा भने-मेरो निवासमा रात्रिभोजमा तपाईं आउनुभएमा खुसी हुने थिएँ ।

मैले विनम्रतापूर्वक सोधेँ-अरू पत्रकार, लेखक र सम्पादकहरू पनि आउनुहोला, होइन? 'होइन, तपाईं र म मात्रै हो'-जवाफ आयो ।

मैले आफू शुद्ध शाकाहारी भएको बताएँ । उनले भने-कुनै समस्या छैन । म पर्खेर बस्छु ।

उनले भान्सामै लिएर गए । पत्नीसँग परिचय गराए । मैले मेरो सवारी चालकलाई केही खर्च दिएर होटलमा खाएर आउनुहोला भनेर पठाएँ ।

राजदूतले तरकारी काटे । उनकी पत्नीले पकाउन थालिन् । मैले गाजर, मुला, टमाटर काटेँ, सलादका निम्ति । अत्यन्त निकट बन्न खोजिरहेका थिए, राजदूत महोदय ।

खाना खाएपछि उनले तीन/चारवटा पुस्तक उपहार दिए । अर्को एउटा पुस्तक दक्षिण एसियाको कूटनीतिक षडयन्त्रबारे थियो ।

राजदूतले भने-यो पुस्तक नेपालीमा अनुवाद गर्नुपर्नेछ । धेरैले तपाईंको नाम लिए । तपाईंको अनुवाद मीठो हुन्छ भन्छन् । तीन लाख रुपियाँ खर्च छुट् याएको छु, यसका निम्ति ।

सर्सर्ती हेरेपछि मैले भनेँ-'सात महिना जति लाग्न सक्छ, यसका लागि । मैले अर्को पुस्तक सम्पादन गरिरहेको छु ।' उनले सहमति जनाए । तीन चार दिनमै एक लाख पचास हजार रुपियाँ पेस्की दिने भए ।

'अर्को एउटा सानो दुःख दिन चाहन्छु । बजेट धेरै छैन । मासिक साठी हजार रुपियाँ मात्र छ तर त्यो काम चार/पाँच वर्षसम्म गरिदिनुहोला'-राजदूत बोले ।

उनले व्याख्या गरे-तपाईं जुन पदमा हुनुहुन्छ, त्यो सूचना केन्द्र नै हो । नेपालका विशिष्ट व्यक्तिहरू भेटिरहनु हुन्छ । अखबार पढ्नुहुन्छ । टेलिभिजन हेर्नुहुन्छ । रेडियो सुन्नुहुन्छ । तसर्थ, साँझपख पाँच/सात सय शब्दको विश्लेषण मलाई इमेल गरिदिनुभएमा आभारी हुने थिएँ ।

म झस्किएँ । पुस्तक अनुवादको कुरा व्यावसायिक

(प्रोफेसनल) थियो तर पछिल्लो प्रस्ताव मान्न म तयार भइनँ । राजा, प्रधानमन्त्री, मन्त्री, प्रधानसेनापतिदेखि लिएर नेपालका महत्त्वपूर्ण व्यक्तिले व्यक्त गरेका विचार म विदेशीलाई कसरी सुनाउन सक्थेँ र? मेरो अन्तरआत्माले स्वीकृति दिएन । मासिक बीस हजार रुपियाँ तलवमा गुजारा गरिरहेको प्रधानसम्पादकका लागि 'मासिक साठी हजार रुपियाँ' पक्कै आकर्षक 'अफर' थियो ।

चार वर्ष मात्रै त्यो काम गरेको भए राजधानीमा एउटा घर र एउटा कार जोड्न गाह्रो थिएन । डेरामै जीवनयापन गरिरहेको अवस्थामा खर्चको व्यवस्थापन गर्न नसक्दा मेरै प्रियजनहरू मलाई धन कमाउन नसक्ने लाछी भनिरहेका थिए ।

राजदूतको प्रस्तावले म अलि क्रुद्ध भए पनि क्रोध लुकाउँदै भने-तपाईंले मबाट जे अपेक्षा गरिरहनुभएको छ, त्यो हुन सक्दैन । नारायणहिटी राजदरवार वा सिंहदरवारमा लगेर मलाई फूल गोड्ने काममा लगाइयो भने त्यो गरुँला तर कुनै पनि विदेशीलाई सूचना, विश्लेषण र विवेचना जस्ता सेवा उपलब्ध गराउन मेरो नैतिकताले दिँदैन । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**संवाददाता**
**रामशरण रिमाल**

**सहायक सम्पादक/संवाददाता**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# नमच्चिने पिङको सय झड्का ?



## सुरेन्द्र ढकाल

राजतन्त्रमा राजा उनका परिवार, चौतरिया आदिले खाने भत्ता देशको अर्थतन्त्रले धान्न सक्दैन, कि त तलबभत्ता बेगरको नागरिक राजा हुनुपर्‍यो कि त सर्वसाधारणको छोरो सादगी राष्ट्रपति हुनुपर्‍यो भन्ने दुई सोचाई अगाडि आए । जसमध्ये दोस्रो छनौटमा पर्दा देशबाट राजतन्त्र पलायन भयो । पहिलो राष्ट्रपति रामवरण यादवको तडकभडक त्यति नदेखिँदा उनको कार्यकालभरि राष्ट्रपति पद त्यति विवादित देखिएन । यद्यपि नेपाली जनताले देख्न चाहेको राष्ट्रपति भने पेन्सन नपाउने भूतपूर्व भएपछि आफ्नै पेसा व्यवसायमा फर्कने र झोला बोकेर आफ्नो घरायसी किनमेल आफैं गर्न डिपार्टमेन्टल स्टोर पुग्ने अमेरिकी राष्ट्रपति बाराक ओबामा जस्तै थिए ।


दोस्रो राष्ट्रपति विद्या भण्डारीको तडकभडक यति देखियो कि उनले राजतन्त्रताका हुने तडकभडकलाई समेत माथ गरिदिइन् अनि जनताले उनको नाम गणतन्त्रकी महारानी राखिदिए । विद्याको यही तडकभडकको कारण अहिले गणतन्त्र नराम्ररी गन्हाउन मात्रै पुगेको छैन त्योभन्दा त बरु राजा नै वेश भन्नेहरूको संख्या दिनपरदिन बढ्दै गइरहेको छ ।

सरकारले मजदुरको न्यूनतम ज्याला हरेक वर्ष तोक्ने गर्दछ जसको आधार भनेको जीवन निर्वाहको सिद्धान्त (Subsistence Theory) हो । हाम्रो जस्तो गरिब देशले यदि विकाश बजेटभन्दा साधारण बजेट बढी खर्च गर्ने हो भने समृद्धि नारामा मात्रै सीमित रहने छ । यदि साँच्चै गणतन्त्रलाई देशको आर्थिक अवस्थाले धान्ने बनाउने हो भने पञ्चायत कालमा जस्तै बिनातलब जनप्रतिनिधिहरूले बैठक भत्तामा सीमित भएर काम गर्नुपर्‍यो । राष्ट्रपतिदेखि सहायक मन्त्रीको तलब जीवन निर्वाहको सिद्धान्तअनुरुप हुनुपर्‍यो । भूतपूर्वहरूले कुनै पनि किसिमको भत्ता सुविधा नपाउने कानुन बन्नुपर्‍यो । राष्ट्रपति छान्दा सार्वजनिक क्षेत्रमा प्रख्यात पेसागत दक्षता हासिल गरी स्वदेश विदेशमा नाम कमाएको र कुनै पनि राजनीतिक दलमा नलागेको तटस्थ मान्छे हुनुपर्ने संवैधानिक व्यवस्था गर्नुपर्‍यो । अन्यथा देशको आर्थिक क्षमताले धान्न सक्दैन ।

राष्ट्रपति बाहिर निस्कँदा गरिने ट्राफिक जामको कारण जनताले भोग्नु परेको समस्या पनि यसपालि राम्रै छरपस्टियो । प्रहरीको चुटाइमा चिकित्सक पर्दा गणतन्त्रले नराम्ररी आफ्नै राष्ट्रपतिलाई गिज्याइरहेको स्पष्टै देखियो । झन् हाँसो उठ्दो कुरा त के छ भने देशलाई धर्म निरपेक्ष भनी एकातर्फ क्रिस्चियन धर्म फैलाउन पूर्ण छुट दिएको छ भने राजाकै शैलीमा दशैंमा, भोटजात्रामा, इन्द्रजात्रामा अनि शिवरात्रिमा हुने गणतान्त्रिक महारानीको मठमन्दिरको भ्रमण र पूजाआजाले गणतान्त्रिक विकृतिलाई पराकाष्ठामा पुर्‍याएको छ ।

वर्षभरि दिने सांस्कृतिक चाडपर्वरुपी विदाको कारण सरकारी कामकाज सुस्त हुन पुगेको छ । हरेक कर्मचारीलाई आफूले मागेको बेलामा वर्षको १० दिन चाडपर्व विदा दिने गरी सरकारी कार्यालय सदा खुला रहने बनाउन कसले छेकेको छ सरकारलाई ? गणतन्त्र आइसकेपछि प्रजातन्त्र दिवस र संविधान दिवस किन चाहियो ? संविधान लागू भएको दिनलाई गणतन्त्र दिवस माने भएन ? झन् त्यसमाथि जनयुद्ध दिवस थोपरेर के सन्देश दिन खोजेको हो ? देशलाई कता लगिँदैछ ? नमच्चिने पिङको सय झड्का ?




## सम्पादकीय

# पूर्वराजाको असन्तुष्टि

पूर्वराजा ज्ञानेन्द्र शाह समय समयमा चर्चामा आइरहन्छन् । विभिन्न सामाजिक, सांस्कृतिक एवं राजनीतिक चाडपर्वहरूमा देशबासीका नाममा शुभकामना सन्देशमार्फत प्रकट भइरहन्छन् । पूर्वराजाले आफ्ना असन्तुष्टिहरूलाई शुभकामनामा समटेकै हुन्छन् । पूर्वराजा शाहले फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा जुन शुभकामना सन्देश दिए त्यसले भने नेपाली राजनीतिलाई तरंगित बनाएको छ ।

पूर्वराजाले आफ्नो सन्देशमा देशमा व्याप्त विसंगति र बेथितिबारे चर्चा गर्दै त्यसको सम्पूर्ण दोष शासन सत्ता सम्हाल्ने राजनीतिक दलहरूलाई दिएका छन् । सामााजिक सञ्जालहरूमा पूर्वराजाको समर्थनको व्यापकता देखिएको छ । पूर्वराजाले उठाएका विषयहरू मिथ्या होइनन् । देशमा शासकीय विकृति, विसंगति मात्र होइन डरलाग्दो रूपमा भ्रष्टाचार समेत बढ्ेको छ । दक्षिण एसियाली मुलुकहरूमा सबभन्दा बढी भ्रष्टाचार हुने् देश बंगलादेशपछि नेपालकै नाम आउँछ । आर्थिक परिसूचकांक ऋणात्मक छ । व्यापारघाटा भयावह छ । ९३ डलरको वस्तु आयात हुन्छ भने ७ डलर बराबरका वस्तु निर्यात हुन्छन् । सरकारको सार्वजनिक ऋण २० खर्ब नाघेको छ । हरेक नेपालीका भागमा ६८ हजार सार्वजनिक ऋणको भार पुगेको छ ।

अर्थतन्त्रको ऐना मानिने सेयर बजार मन्दीमा झरेको छ । केन्द्रीय बजेटको पुँजीगत खर्च १४ प्रतिशत मात्र हुन सकेको छ । लगानीको प्रतिबद्धता अघिल्लो वर्षको तुलनामा एकतिहाईले घटेको छ । लगानीकर्ताहरू त्रसित छन् । लगानीको वातावरण बनाउन सरकारले सकेको छैन । 'डुइङ' बिजनेश रिपोर्टमा नेपालको अवस्था ५ स्थान तल झर्दै १ सय १० औं स्थानमा पुगेको छ । कमजो्र आर्थिक वृद्धि उच्च वैदेशिक रोजगारी डरलाग्दो व्यापारघाटालाई सम्बोधन गर्ने गरी सरकारले बजेट ल्याउन सकेको छैन । सयमा ३६ नेपाली निरक्षर छन् । ६६ लाख जनता अझै टुकी बाल्छन् । ३८ प्रतिशत आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित छन् । आफ्नै पेट्रोलखानी, पानीजहाज, घरघरमा पाइपलाइनबाट प्राकृतिक ग्यास, युरेनियम उत्पादनदेखि चुच्चे रेलसम्मका गफ गर्छन् ने्ताहरू । तर जनताको जनजीविकाको सवालमा उनीहरूको ध्यान पटक्कै गएको छैन ।

सायद यी सबै अवस्थाहरू नियालिरहेका पूर्वराजाले शासन सत्तामा आफ्नो भूमिकाको खोजी गरेका हुन सक्छन् । पूर्वराजाले यस्तो खोजी राजनीतिक दलहरूमार्फत होइन, नेपाली जनतामार्फत खोज्नुपर्छ । नेपालका सबै राजनीतिक दलहरू विदेशी शक्तिकेन्द्रहरूको इसारामा चलेका छन् । उनीहरूका लागि जनता केवल सत्तामा चढ्ने सिँढी मात्र हुन् । पछिल्लो समयमा राजनीतिक दलहरूका गतिविधिले वाक्क भएका जनता राजतन्त्र पुनर्स्थापनाको माग गरिरहेका छन् । राजसंस्था पुनर्स्थापनाको विधि फेरि पनि जनआन्दोलन नै हो । एक जना राजाको ठाउँमा सयौं नवराजाहरू थपिएका छन् । तिनलाई पाल्ने भनेको जनताबाट उठाएको कर नै हो । संघीयता धान्न विदेशी दातृराष्ट्र र निकायसँग ऋण लिनु परिरहेको अवस्था छ । प्रदेश सरकार र स्थानीय सरकारमा पनि संघीय सरकारकै भ्रष्टाचारको रोग सरेको छ । पूर्वराजाका पक्षमा जनउभार आउन अब बेर छैन । दुर्गा प्रसाईं सँगसँगै मानवसागर उर्लिन सक्छ ।

# नीतिमा बालमैत्री व्यवहार, अभ्यासमा छैन



## गोविन्द विक

बालबालिकासम्बन्धी बनेका नीति कानुनमा बालमैत्री व्यवहारका विषयहरू प्रस्ट रुपमा व्यवस्था भएका छन् । वडादेखी नगरसम्म बालमैत्री घोषणा गर्नुपर्ने नीतिगत प्रावधान लागू छ । ७२ को संविधानले बालहिंसालाई पूर्ण रुपमा निषेध गरेको बालबालिकासम्बन्धी हक धारा ३९ को उपधारा ७ मा भनिएको छ । कुनै पनि बालबालिकालाई घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । बालबालिकामाथि हुने हिंसालाई कानुनले निषेध गरे तापनि व्यवहारिक रुपमा बालबालिकामाथि हिंसा रोकिएको छैन ।

बालबालिकासम्बन्धी बनेका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र नेपाल पनि हो । बालबालिकाहरूको अधिकार पूर्ण रुपमा सुनिश्चित गर्नका लागि राज्यको तर्फबाट कुनै पनि कसुर बाँकी नराख्ने प्रतिवद्धताहरू राज्यका नेतृत्वकर्ताहरूले जाहेर गरेकै हुन्छन् तर प्रतिवद्धताअनुसार बालबालिकाहरूले बालअधिकारको प्रत्याभूत गर्न नपाएका कयौं घटनाहरू संचार जगतमा छरपष्ट छन । बालबालिका आश्रित वर्ग भएका हुनाले उनीहरूमाथि हुने कतिपय हिंसाका घटनाहरू बाहिर ल्याउन डराउँछन ।

बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि बालमैत्री व्यवहारका विषयमा प्रस्ट पारेको छ । सबै स्थानीय तहमा नगर र वडा स्तरको बालअधिकार गठन गरी बालअधिकार प्रवर्द्धनसहित बालबालिकाहरूको हितमा काम गर्ने व्यवस्था छ । सबै स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति गरी बालहितमा काम गर्नुपर्ने नीतिगत व्यवस्थामा कुनै कमी छैन । बालबालिकासम्बन्धी बनेको पछिल्लो नियमावली २०७८ मा पनि बालमैत्री व्यवहारदेखि बालबालिकाहरूको क्षमता वृद्धिसम्मका नीतिगत सहजताहरू उल्लेख गरिएको छ ।

बालबालिकासम्बन्धी बनेको नीतिहरूलाई व्यवहारिक कार्यान्वयनमा जिम्मेवारी हुँदाहुदै पनि स्थानीय तह जहिलै पन्छिने गरेका थुप्रै उदाहरणहरू देखिन्छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले वडादेखि नगरसम्म बालमैत्री बनाउने जिम्मेवारी दिएको प्रति कतिपय स्थानीयतहरू अझै अनुदार छन् । संघीय कानुनसँग नबाझिने गरी स्थानीय तहले कार्यविधि बनाएर काम गर्ने अधिकार हुँदाहुँदै बालबालिकाहरूको लागि काम गर्न स्थानीय तहहरूले विभिन्न वहाना बनाएर पन्छिने गरेका छन् ।

आफ्नो वडा नगरमा रहेका बालबालिकाहरूको लगत संकलन गरी बालबालिकाको उत्थान र विकासमा योजनासहित काम गर्नुपर्ने जिम्मेवारी स्थानीय तहलाई ऐनले सुम्पेको छ । बालबालिकाहरूमाथि हिंसालाई हेर्ने हो भने स्थानीय तहहरूको प्राथमिकतामा बालबालिकाको सवाल पर्दै पर्दैनन् । भौतिक विकासमा मात्र केन्द्रित स्थानीय तहहरूका लागि बालमैत्रीका विषय निकै परको कुरा हुँदैछ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ असार २७ को निर्णयबाट बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गर्‍यो । उक्त निर्देशिकाले २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ । विभिन्न शीर्षकमा ५१ वटा सूचकसहित स्थानीय तहलाई बालमैत्री बनाउने मार्गनिर्देश गरेको नीतिगत व्यवस्थालाई स्थानीय तहहरूले कार्यान्वयन गर्नुपर्छ भन्ने चासो देखाएको पाइन्न ।

निर्देशिकाले तयार गरेको सूचकमा वडामा रहेका सबै बालबालिकाहरूको जन्मदर्ता भएको हुनुपर्ने कुनै पनि बालबालिकाहरूले हिंसा र दुर्व्यवहार भोगेको हुन नहुने बालविवाह पूर्ण रुपमा अन्त्य भएको हुनुपर्ने लगायतका सूचकहरू उल्लेख छ । यी सबै कामको लागि स्थानीय तहलाई नै जिम्मेवारी दिएको बुझिन्छ । तर नीतिमा भएको बालमैत्री व्यवहार कार्यान्वयनको जिम्मा पाएको स्थानीय तह नै बालहिंसा र दुर्व्यवहारको सवालमा बेखबर बन्नु निकै दुखद पक्ष भएको पाइन्छ ।

आफ्नो वडामा बालबालिकाहरू विद्यालयमा छन् कि बाहिर छन ? वडामा कति बालबालिकाहरू अन्य वडाबाट आएका छन ? वडाभित्रका बालबालिकाहरूको जन्मदर्ता भएको छ कि छैन ? वडामा रहेका बालबालिकाहरू कुनै हिंसा दुर्व्यवहारमा परेका छन् कि छैनन ? बालबालिकाहरूको सबैभन्दा नजिकको नाता भनेका आफ्नै अभिभावक हुन् कतै तिनै अभिभावकबाट बाल हिंसा पो भइराखेको छ कि भन्ने सवालमा स्थानीय तह बेखबर बनेको अवस्थामा नीतिमा भएका बालमैत्री व्यवहार कार्यान्वयन निकै चुनैतिपूर्ण हुने कुरामा दुई मत नै छैन ।

राष्ट्रिय बालअधिकार परिषदका अनुसार एकदेखि चौध वर्ष उमेर समुहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ । प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न किसिमका लैंगिक हिंसाबाट २५ सय ४३ जना बालबालिका पीडित भएको पाइएको छ । बालबालिकाहरूलाई अनुशासनका नाममा यातना दिने हिंसामा पार्ने अखडा विद्यालयहरू बन्दै गरेका समाचारहरू पनि बाहिर आएकै छन ।

बालबालिकाहरूको भित्री समस्याहरू गहिरिएर केलाउने अभ्यास नहुँदा उनीहरूले विभिन्न हिंसाको सामना गर्नु परिरहेको कुरामा विमती छैन । बालहिंसालाई नियमन गर्ने निरुत्साहित गर्ने संयन्त्रहरू निर्माणमा केही स्थानीय तहहरूले चासो दिए तापनि धेरै स्थानीय तहहरू वास्ता नै गर्दैनन् । आफ्नो स्थानीय तहमा माइग्रेट भएर आएको बालबालिकाहरूको शिक्षा स्वास्थ्य संरक्षणको सवाल आफ्नो जिम्मेवारीमा नपर्ने भन्ने कतिपय स्थानीय तहहरूको बुझाइ अझै जिवितै छ । बाटोघाटो कुलकुलेसो निर्माणमा करोडौं बजेट विनियोजित गर्ने चासो स्थानीय तहहरूमा देखिन्छ तर बालहितकारी कार्यमा वजेट विनियोजन गर्नका लागि नीतिगत बाटो खोजेर बस्ने अभ्यास छँदैछ ।

आफ्नो स्थानीय तहमा काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूको नियमन गर्ने निगारानी गर्ने जिम्मा पनि स्थानीय तहको नै छ । तर संघसंस्थाहरूले नतिजामुखी काम गरेका छन् कि छैनन् भन्ने कुरामा स्थानीय तहहरू जानकार नै हुँदैनन् । समुदायमार्फत पनि स्थानीय तहहरूले आफ्नो वडा तथा नगरमा बाल हिंसा रोक्ने अभियान सञ्चालन गर्न कुनै बाधा छैन । बालमैत्री स्थानीय शासन लागू भएको हुनाले वडा तथा नगरलाई बालमैत्री बनाउने अभियानमा नगर तथा वडाभित्र रहेको विभिन्न निकायहरूसँगको सहकार्यमा काम गर्ने इच्छा हुने हो भने सहज रुपमा बालमैत्री व्यवहारलाई अभ्यासमा ल्याएर बालमैत्री वडानगर बनाउन सकिन्छ ।

जानेबुझेकै पढेलेखेकै व्यक्तिहरूबाट बालबालिकाहरू पीडित भएका घटनाहरू थुप्रै छन् । बालअधिकारकर्मी भन्नेहरूले नै बालबालिकाहरूको हिंसा अनदेखा गर्ने गरेका कयौं समाचारहरू छन् । बालबालिकाहरूको अधिकारका लागि काम गर्ने निकायहरूको समन्वयमा कहिलै एकता भएको पाइँदैन । आआफ्नै सहजताअनुसार काम गर्ने परिपाटी समाजमा जिवितै छ । बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय संस्थालगायत स्थानीय तहहरूबीच समन्वयात्मक अभ्यास नभएको हुनाले नै बालबालिकाका सवालहरू ओझेलमा पर्ने गरेका छन् । स्थानीय तहहरूले बालबालिकाहरूको समस्या निराकरणमा ध्यान दिँदै बालमैत्री वडा नगर बनाउने अभियानमा समुदाय परिचालन गर्ने अभ्यासमा जुटन जरुरी छ । बालबालिकाहरूको लगत निकालेर उनीहरूको सामाजिक संरक्षणमा स्थानीयहरूको चासो रहन आवश्यक छ । कुनै पनि वहानामा आफ्नो वडा नगरमा बालबालिकाहरू सडकमा देखिनु हुन्न भन्ने कठोर अभियान सन्चालन गर्नका लागि स्थानीय तहहरूले चासो देखाएको अवस्थामा बाल हिंसा न्यूनिकरणसहित बालमैत्री स्थानीय शासन कार्यान्वयन हुने पक्का छ ।

बालहिंसा नहुने समाज निर्माण गर्न स्थानीय तहकै मुख्य जिम्मेवारी भएको हुनाले कुनै पनि वहानामा बालबालिकाहरूको समस्याबाट उम्किने छुट स्थानीय तहलाई छैन । बालमैत्री स्थानीय तह बनाउने अभियानमा जुटेर बालअधिकार प्रवर्द्धनमा सहयोग गर्ने परिपाटी स्थानीय तहले जबसम्म बसाल्दैन तबसम्म बालमैत्री व्यवहार कार्यान्वयन आकासको फल बनिरहन्छ । बालबालिकासम्बन्धी बनेको बालमैत्री नीति कार्यान्वयनको मुख्य जिम्मा अब स्थानीय तहले लिनुपर्दछ । बालबालिकाको समस्या नजिकबाट नियाल्ने दरिलो निकाय नै स्थानीय तह हो । आफूले चाहेको अवस्थामा कार्यविधि निर्देशिका बनाएर काम गर्ने अधिकार स्थानीय तहमा निहित भएको कुरा सबै स्थानीय तह जानकार नै छन् । स्थानीय तह सञ्चालनमा पनि ऐनले नै मार्गनिर्देशित गरेको हुनाले ऐनमै व्यवस्था भएको बालमैत्री वडा नगर बनाउन कुनै फरक निर्देशनको खाँचो नहुनु पर्ने भन्ने बुझिन्छ । स्थानीय तहको ध्यान बालमैत्री वडा नगर बनाउनमा नहुन्जेल नीतिगत व्यवस्था निष्क्रिय हुने अवधि लम्बिरहन्छ ।

# हाम्रो सामाजिक सक्रियता

## बुद्धनगर आधारभूत विद्यालय तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल




कामनपा वडा नं १० बुद्धनगरमा अवस्थित बुद्धनगर आधारभूत विद्यालयको स्थापना २०५१ सालमा समाजसेवी श्री श्यामलाल तण्डुकारबाट भएको हो। बालकक्षादेखि ८ कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको यस विद्यालयको उद्देश्य गरिब, पिछडिएका र श्रमजीवि परिवारका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिनु हो र सोहीअनुरुप हाल विद्यालयमा १३० जना बालबालिकाहरू अध्ययनरत छन्।

स्थापनाकालपश्चात् थुप्रै उतार-चढावबीच अगाडि बढिरहेको यो विद्यालय काठमाडौं महानगरपालिका कार्यालय शिक्षा विभाग र आफ्नै स्रोत र साधनबाट सञ्चालित छ। हाल यस विद्यालयमा शिक्षकको कूल संख्या १२ जना र २ जना कार्यालय सहायक कार्यरत छन्। त्यसमध्ये ८ जना शिक्षिका रहेका छन्।

२०७९ सालदेखि यो विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको छ र यसबाट जेहेन्दार बालबालिकाहरू लाभान्वित भएका छन्। प्रतिष्ठानले रु. एक लाख बराबरीको विद्यालय पोसाक वितरण गरेर विद्यालयसँग सहकार्यको शुरुवात गरेको छ। आगामी वर्षहरूमा आफ्नो क्षमताअनुसार विद्यालयलाई आवश्यक सहयोग गर्दै जाने प्रतिष्ठानले प्रतिबद्धतासमेत जाहेर गरेबाट विद्यालयका आगामी दिनहरू सहज हुन जाने अपेक्षा गर्न सकिन्छ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई विद्यालय पोसाकको सहयोग भएको कारण बालबालिका तथा उनीहरूका अभिभावकहरूलाई केही राहत प्राप्त भई उनीहरूको आर्थिक अवस्था थोरै भए पनि सहज हुन गई विद्यालयप्रति उनीहरूमा सकारात्मक सोचको विकास हुन जानुले विद्यालय र अभिभावकबीचको सम्बन्ध गाढा हुन गएको छ।

प्रतिष्ठानसँगको सहकार्यलाई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघले उच्च मूल्यांकन गर्दै विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने प्रतिबद्धता जाहेर गर्दछ।






# युवा रोजगार सिर्जना गर्ने अभियानमा बुढानीलकण्ठ नगरपालिका

**गोविन्द विक**

काठमाडौं। बूढानीलकण्ठ नगरपालिकाका नगरप्रमुखसँग युवा रोजगार सिर्जना गर्ने बारेमा छलफल सम्पन्न भएको छ। टेक्निकल स्कुल सुकेधारा र नगरपालिकाको साझेदारीमा युवा रोजगार सिर्जना गरी नगरपालिकाका स्थायी युवाहरूका लागि रोजगारमूलक तालिम चलाउनेबारे नगरप्रमुखसँग विस्तृत छलफल भएको हो। छलफल कार्यक्रममा बूढानीलकण्ठ वडा नं. ९ मा रहेको टेक्निकल स्कुलका कार्यकारी निर्देशक तथा आई एम ई ग्रुपका प्रतिनिधिको सहभागिता रहेको थियो।

छलफलमा सिटिभिटीसँग आवद्ध रहेको टेक्निकल स्कुलले एकवर्षे युवा रोजगार कार्यक्रम प्याकेजको बारेमा विस्तृत रुपमा बताएको थियो। सोही क्रममा टेक्निकलले प्याकेजमा आवद्ध युवाहरूलाई ३ महिना तालिम दिने ३ महिना तालिम लिएकाहरूलाई स्वयमसेवा गराउने ३ महिना सामान्य तलब दिएर काम गराउने र बाँकी ३ महिनाभित्र तालिम प्राप्त युवाहरूलाई तालिमअनुसारको रोजगारमा संलग्न गराउने स्किम रहेको बताएको थियो।



नगरपालिकासँग समन्वय गरेर थुप्रै संस्थाहरूले तालिम दिए तापनि तालिम लिइएकाहरूलाई रोजगारमा जोडने काम नगर्ने हुनाले विगतमा पनि यस्ता कार्यक्रमले उपलब्धि नदेखाएको बारेमा पनि छलफल भएको थियो।

यस सन्दर्भमा छलफल हुँदा नगरप्रमुखको पनि चासो रहेको थियो कि ३ महिना तालिम दिएर छोडयो भने त्यसको उपलब्धि केही नहुने हुनाले तालिम प्राप्त युवालाई रोजगारमा जोडेमा मात्रै उपलब्धि देखिने कुरा नगरप्रमुखले बताउनु भएको थियो। अहिले युवाहरू विदेशीने क्रम नरोकिएको युवा आफैं केही गरौं भन्ने कुरा लागि नपरेको कुरामा नगरप्रमुखको चिन्ता थियो।

नगरप्रमुखले छलफलका क्रममा टेक्निकल स्कुलले ल्याएको योजना सकरात्मक रहेको र यो यजनालाई प्रक्रियागत रुपमा नगरपालिकासँग जोडेर काम गर्न थप छलफल गर्न सकिने र सोही कामका लागि एक पटक टेक्निकल स्कुलको पनि भिजिट गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। योजना सकरात्मक भएको हुनाले यस बूढानीलकण्ठ नगरपालिकाले यो योजनाबाट उपलब्धि हासिल गरेको अवस्थामा अन्य स्थानीय तहहरूका लागि पनि नमुना हुने कुरा नगरप्रमुखले राख्नुभएको थियो।

कार्यक्रममालाई नगरपालिका र टेक्निकल स्कुलबीचको सहकार्यमा कार्यान्वयन गर्नका लागि थप छलफल गरेर अगाडि बढ्ने निष्कर्षसहित छलफल समापन भएको थियो।

# डेंगुसम्बन्धि सचेतना कार्यक्रम सम्पन्न



काठमाडौं। भक्तपुर जिल्लाको दधिकोट गाम्चा चोकमा अबस्थित रेन्बो इंग्लिस सेकेन्डरी स्कुलको आयोजनामा सोही स्कुलको सभा हलमा एक दिने डेंगु रोगसम्बन्धी सचेतना कक्षा सफलतापूर्वक सम्पन्न गरिएको छ।

भक्तपुर जिल्लाकै सल्लाघारीमा अवस्थित डाक्टर ईवामुरा (ड्रिम) हस्पिटलको सहजीकरणमा सम्पन्न भएको उक्त सचेतना कार्यक्रममा आयोजक रेन्बो स्कुलमा कक्षा ७ मा अध्ययनरत ४५ जना छात्रछात्राहरूको सहभागिता रहेको थियो।

कार्यक्रमलाई डा. ईवामुरा हस्पिटलमा कार्यरत मेट्रोन सुरेसा धमला तथा भाइस मेट्रोनरीमा शिवाकोटीले सहजीकरण गर्नुभएको थियो। ईवामुरा हस्पिटलले प्रदान गर्ने स्वास्थ्य सेवाको जानकारी सहित डेंगु रोगको परिचय, यो रोग सर्ने तरिकाका साथै यसबाट बच्ने उपायहरूको बारेमा सैद्धान्तिक जानकारी गराई सोही बिषयवस्तुमा आधारित वृत्तचित्रको पनि प्रदर्शनी गराइएको थियो।

कार्यक्रममा अन्तरकृया गरी कार्यक्रमलाई सहभागीमूलक बनाउन सहयोग गर्ने विद्यार्थिहरूलाई चकलेट पनि वितरण गरिएको थियो। सो कार्यक्रमको संयोजन सुशील आचार्यले गर्नुभएको थियो।

## फागु पर्व सभ्य रुपमा मनाऔं

- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानुनी र उच्छृङ्खल व्यवहार नगरौं।
- चाडपर्वलाई मौलिक रूपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

विचार

# फागुन ७ र नेहरूको चालबाजी

सुनिल उलक

फागुन ७ देशकै एक गर्वित दिन। यस दिन देशले प्रजातन्त्र पाएको थियो। १०४ वर्ष लामो पारिवारिक राणाशासनबाट मुक्ति पाएको दिन थियो यो दिन। नाम मात्रको राजा रहने तथा सम्पूर्ण राजनीतिक, सामाजिक तथा आर्थिक अधिकार राणाहरूका आफ्नै परिवारभित्र मात्रै निहित हुने हुँदा राणाकाललाई जहाँनिया शासनको रुपमा लिने गरिन्छ। हामीले इतिहासमा पढेका विवरणहरू अनुसार राजा त्रिभुवन नै राणाशासन विरुद्ध मोर्चावन्दीमा लागेर राजतन्त्रकै बाजी थापेर प्रजातन्त्र ल्याएका थिए। त्यसैले हामीले राजा त्रिभुवनलाई राष्ट्रपिता तथा फागुन ७ को त्यो अविस्मरणिय दिनलाई प्रजातन्त्र दिवसको रुपमा मनाउन थालेका हौं।

के साँच्चै राजा त्रिभुवन त्यति गर्व गर्न लायक थिए वा के राजा त्रिभुवनकै नेतृत्वले गर्दा राणाशासनको अन्त्य भएको थियो। राणाशासन विरुद्धको मोर्चावन्दी गर्न के भारतीय राजदूतावास नै शरण लिनु आवश्यक थियो। के देशमै बसेर राणाविरुद्ध लाग्न सकिदैनथ्यो त ! भारतीय राजदूतावासभित्र लुक्न जानु वा भारतसँग शरण माग्नु त कायरता होइन र ? कुनै बेला राजा सुरेन्द्रले पञ्जाछाप लगाएर सरकार चलाउने अधिकार दिएपछि त्यो पञ्जाछाप रद्द भएको तथा राणाहरू भित्र जहाँनिया अधिकार वञ्चित भएको घोषणा देशभित्र नै बसेर राजाले गर्न सक्दैनथ्यो ??

यी यावत प्रश्नहरूको उत्तर खोज्न मैले गहिराइसँग त्यसबेलाका घटनाक्रमलाई नियाल्ने र अध्ययन गर्ने प्रयास गरे। यसको लागि सबैभन्दा पहिले यहाँका तत्कालिन नेता वा अगुवाहरूभन्दा पनि भारतीय कुटनीतिक भूमिकाहरूलाई बुझ्न खोजे। जसको लागि त्यसबेला भारतको सरकार प्रमुखका रुपमा रहेका नेहरूका सम्पूर्ण पत्रहरू खोतल्न खोजे। नेहरूले तत्कालिन समयमा को कसलाई नेपाल सम्बन्धमा पत्र लेखेका थिए र के के लेखेका थिए भन्ने अध्ययन गर्न थाले।

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूलाई जीवनकालमा सबैभन्दा बढि पत्रहरू लेख्ने व्यक्तित्वमा पनि लिने गरिन्छ। जब उनले लेखेका पत्रहरू सबै प्रकाशन गर्ने जमर्को गरियो यो पुस्तकहरू करिव ७०० पेजका १०३ वटा ठेली नै भए। स्वतन्त्रता अगाडिका १५ पुस्तक र स्वतन्त्रता पछिका ८८ पुस्तकहरू छन्। जसमा नेपालका बिषयमा आफ्ना राजदूत, बरिष्ठ कर्मचारी एवं बरिष्ठ नेताहरूलाई लेखिएका धेरै नै पत्रहरू छन्। मैले नेपालको प्रजातन्त्रको लहरको शुरुवात २००६ चैत्र देखि प्रजातन्त्र आइसकेपछि २००८ कार्तिक सम्म लेखिएका पत्रहरूलाई मात्र प्राथमिकतामा राखेर अध्ययन गरेको थिए।

२००६ असार २८ गते नेहरूले विहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई लेखेको पत्रमा नेपाल सरकार बिरुद्ध आन्दोलनरत नेपाली राजनैतिक कार्यकर्ताहरूलाई विहार आउन तथा अन्य कार्य गर्न दिन भनेको छ भने हिंसात्मक आन्दोलनको भने बिरोध गरेका छन्। साथै विहार प्रवेश गरेका कुनै पनि नेपालीलाई समाउन नेपाल सरकारका अफिसरलाई विहार प्रवेश गर्न नदिन भनेको छ। यसले स्पष्ट हुन्छ नेहरू नेपालको राणाशासनको समर्थनमा लागेको छैन।

तर २००६ को भदौ ३ गते नेपालका राणा प्रधानमन्त्री मोहन शम्शेरलाई लेखेको पत्रमा नेपाल स्वाधिन राज्य भएकोमा सदैव सुखि रहेको तथा राजनैतिक रुपले खासै समस्या नभएको तर नेपालमा राजनैतिक कैदीहरू माथि भने अन्तराष्ट्रिय कानुन अनुसार ब्यबहार नभएको हुँदा यसमा सुधार गर्न अनुरोध गरेका छन्। साथै मोहनशम्शेरले गर्न चाहेको भारत भ्रमणले अझ दुइ देश बिचको सम्बन्ध अझ बलियो हुने विश्वास ब्यक्त गरेका छन्। यस पत्र पठाएकै दिनमा अर्को पत्र भारतीय राजदूत सिपिएन सिंहलाई पनि लेखेका छन्। जसमा महाराजालाई पठाइएको पत्र तुरुन्त बुझाउन भनिएको छ भने साथमा महाराजालाई पठाइएको पत्रको कपी पनि राखेको छु त्यो पनि पढ्नु भनेका छन्। साथै महाराजालाई राजनैतिक सुधार तथा राजनैतिक कैदीहरू छोड्न तथा जेलको सुविधा केही सुधार गर्न लगाउन पनि सल्लाह दिनु भनेका छन्।

२००६ को भदौ २५ गते आफ्ना राजदूतलाई नेपालको महाराजाको ब्यवहारको कटू आलोचना गरेका छन्। आफूले दिएका सुझावहरू अस्विकार गरेकोमा रिस पोखेका छन्। तर महाराजालाई लेखेको असोज १९ को पत्रमा आशावादी रहेको जनाएका छन्। महाराजाले नेपाल राजनीतिज्ञ डिल्लीरमण रेग्मीसंग भारतीय सहायक विदेश मन्त्री डा. बि भि केस्करले भेटेको तथा नेहरूले बिपीसंग भेटेको विषयमा दुख ब्यक्त गरेकोमा भारत प्रजातान्त्रिक मुलुक भएको हुँदा कसैले पनि भेट्न खोज्दा भेट्न नगर्ने भन्ने नीति लिन नसक्ने जनाएका छन्। तर यसबाट दुइ देश विचको सम्बन्धमा कुनै अप्ठ्यारो परिस्थितीको सिर्जना नहुने भनेका छन्।

यसैगरि २००६ को चैत्र ४ गते संसद सामु बोल्दै नेहरूले भनेका छन् - भर्खरै नेपालका प्रधानमन्त्रीको भारत भ्रमण समाप्त भयो। सौहाद्रपूर्ण यस भेटघाटले हामी दुबै राष्ट्रको उद्धेश्य एउटै रहेको देखिन्छ। नेपालमा केही सुधारको मात्र अनुरोध गरेका हौ। यसका लागि हामी कुनै पनि किसिमको दवाव वा आक्रमण गर्ने हाम्रो मनसाय छैन। तर म यो सदन तथा अन्यलाई जानकारी गराउन चाहन्छु कि यस किसिमको मामलामा हाम्रो नीति कस्तो हुनुपर्छ।

यसै बिच २००६ सालको चैत्र २४ गते भारतीय गृह मन्त्रालयले कुनै पनि नेपालीले भारतको सार्वजनिक नौकरीमा काम गर्न पाउने छुट प्रदान गर्न संकल्प प्रस्ताव गर्यो। यसले एउटा भारतीय प्रान्तिय अधिकार नेपाललाई पनि प्रदान गरेको अनूभुति दिलायो। नेपाल र सिक्किम अलग अलग स्वतन्त्र राज्य रहेको भए तापनि दुबै राज्यलाई भारतले यो सुविधा दियो। कालान्तरमा सिक्किमलाई आफू भित्र समाहित गर्न सफल भएको हुँदा कतै भारतको मनसाय नेपाल प्रति पनि त्यहि रहेको त होइन भन्ने शंका उब्जने ठाउँ यसले बनायो।

२००७ सालमा नेपालमा राणाशासन हटाउन आन्दोलनहरूको शुरुवात हुदै थियो। बिभिन्न क्षेत्रमा जुलुस तथा आक्रमणहरू हुदै थियो। उता राणा सरकारसंग भारत सरकार एउटा सन्धिको तैयारीमा लाग्दै थियो। राणाशासन पतनको संघारमा पुगिसकेको थियो जसले गर्दा राणा प्रधानमन्त्री मोहनशम्शेर भारतको सहयोगले सत्ता अझ बढि लम्ब्याउन सकिने आशामा भारतका शर्तहरू मान्न तैयार थियो। यता यहि समय चीन भने तिब्बत आफूमा मिलाउने दाउमा थियो। जसले गर्दा चीन नेपाल भारत बिचको सन्धिमा खासै चासो नदिने मनस्थितीमा थियो। यहि समयको मौकामा भारतले एउटा सन्धिको तैयारी गर्यो। नेपाल भारत शान्ति तथा मैत्री सन्धिको तैयारी रहेकै समय २००७ सालको जेठ ९ गते दिल्लीमा भएको पत्रकार सम्मेलनमा नेहरूलाई भारतमा रहेको गोर्खा सैनिकहरूको भविष्य १९५० मा हुने सन्धिमा के कस्तो हुने भनि सोधेको थियो। जसको जवाफमा नेहरूले भनेका थिए - गोर्खा सैनिकहरूको गठन बेलायत रहदै भएको भए तापनि हामी भारत बिरुद्ध गोर्खा सैनिकहरूको उपयोग हुन नदिने शर्त भने राख्नेछौ। त्यस पत्रकार सम्मेलनमा गोर्खा सैनिकहरूको विषयमा मात्र होइन नेपालको राजनीति र पार्टीहरूसंगको भारतको सम्बन्धको विषयमा पनि सोधिएको थियो। त्यसमा भारतमा बसेर नेपाल सरकारको बिरुद्ध लाग्न छुट दिइए पनि हिंसात्मक आन्दोलन गर्न भने दिइने छैन भनेको थियो। १९५० को सन्धिको पूर्व तैयारी भइरहँदा राणा सरकारलाई चिढाउने मनसाय पनि भारतको थिएन। तसर्थ पनि नेपाल सित मित्रवत ब्यबहार रहेको देखाउन खोजेको थियो।

१९५० को सन्धिलाई असमान सन्धि भन्नुको कारण यसमा हस्ताक्षर गर्ने समान दर्जाका थिएनन्। नेपालको प्रधानमन्त्री कुनै पनि हालतमा भारतका राजदूत सरह हुदैन। यो सन्धिमा भारतका प्रधानमन्त्रीले हस्ताक्षर गरेको भए मात्र समानान्तर सन्धि हुन्थ्यो। अन्तराष्ट्रिय कानुन अनुसार पनि यो सन्धि बैध हुन सक्दैन।

दोश्रो मोहनशम्शेरको १०४ वर्ष लामो राणाशासन पतनको संघारमा पुग्दा नेहरूले कोशी बाँधको पूर्व तैयारी गरेका थिए। सम्झौता मात्र मातृकाप्रसादको सरकारसंग गरेको थियो। तर यसको तैयारी १९५० को नेपाल भारत सन्धि भन्दा २० दिन अगाडि नै गरेको थियो।

२००७ साल असार २७ गते नेहरूले बिहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई पत्र लेखेका छन्। यो पत्र सिन्हाको दुइ दिन अगाडिको पत्रको जवाफ थियो। नेहरूले बिहार सरकारलाई नेपाली राजनैतिक कार्यकर्ताहरू माथि कुनै निगरानी गर्न र उनीहरूको सूचना नेपाली अफिसरहरूलाई उपलब्ध नगर्न भनेका छन्। तर हिंसात्मक आन्दोलन गर्न भने बन्देज लगाउन भनेका छन्। साथै कुनै पनि किसिमका राजनैतिक अपराधी समाउन नेपालको अफिसर तथा प्रहरीलाई बिहार प्रवेश गर्न नदिन पनि भनेका छन्।

अन्तत २००७ सालको साउन १६ गते नेपाल भारत शान्ति तथा मैत्री सन्धि भयो। सन्धिको तत्कालै भारतीय राजदूतले नेपालका प्रधानमन्त्री श्री ३ मोहनशम्शेरलाई र नेपालका प्रधानमन्त्रीले भारतीय राजदूतलाई पनि चिठ्ठी पठाएको देखिन्छ। ५ बुँदालाई एक अर्कालाई चिठ्ठी द्वारा पनि आदानप्रदान गरेको देखिन्छ।

नेपाल भारत सन्धि भएको एक हप्ता पछि नेपालको तराइको प्रतिनिधित्व गर्ने दुइ राजनीतिज्ञ भद्रकाली मिश्र तथा विन्देश्वरी प्रसाद मिश्र गोप्य रुपमा दिल्ली पुगेर भारतीय राष्ट्रपति राजेन्द्र प्रसादसंग भेट्न सफल भए। भारतीय राष्ट्रपतिलाई यि दुइले आफूहरू सामाजिक कार्यकर्ता रहको तर नेपालको राजनीतिसंग कुनै सरोकार नरहेको जानकारी दिएका थिए। साथै उनिहरूले राष्ट्रपतिलाई कांग्रेसको नेपालमा गहिरो छाप नरहेको तथा धेरैजसो कार्यकर्ता भारतमा नै बस्ने हुँदा कुनै बलियो दलको रुपमा नरहेको पनि जानकारी दिएका थिए। शायद यसै कारणले होला देशमा प्रजातन्त्र आए पछि नेहरूको दवावमा मोहनशम्शेर र बिपीले भद्रकाली मिश्रलाई मन्त्रीमण्डलमा सामेल गर्न बाध्य भएका थिए।

नेपाल भारत सन्धिमा हामीले चाहेको बुँदा राख्न राणा प्रधानमन्त्री मोहन शम्शेरलाई तैयार बनाउँदा शायद नेहरूले राणा शासन केही समय अझै टिकाउने आश्वासन दिएका थिए होला। तर सम्झौता पछि भने नेपाल सरकारमा बारम्बार राजनैतिक कैदी माथि दुर्ब्यवहार तथा कठोर भएको भन्दै विरोध गरिरहे। यता राजा त्रिभुवनले भारतीय राजदूत सिपिएन सिंहलाई भेट गरेर नेहरूको लागि गोप्य सन्देश पठाउन सफल भए। नेहरूलाई राजाले भारतीय राजदूतावासमा शरण लिन सक्ने जानकारी दिएका थिए। यसको जवाफमा नेहरूले भनेका छन्, " महामहिम राजदूतबाट जानकारी पाए अनुसार तपाइ र तपाइको प्रधानमन्त्री बिचको सम्बन्ध र तपाइको ब्यक्तिगत सुरक्षाको कुरा सुन्दा दुख लागेको छ। म यहाँलाई पूर्णरुपमा आश्वस्त पार्न चाहन्छु कि हाम्रो दूतावास अन्तराष्ट्रिय कानुनको मूल्य र मान्यता अनुरुप हामीले दिन सक्ने सुरक्षा र शरणको लागि तैयार छ।"

२००७ कार्तिक १२ गते नेहरूले सिपिएन सिंहलाई पठाएको पत्र अनुसार नेपालका राजाको प्रधानमन्त्रीसंगको सम्बन्ध बिग्रदै गरेकोमा दुखी भएको जानकारी दिन भनिएको थियो भने सुरक्षाका नाममा दूतावासमा शरण लिन तथा दूतावासबाट जहाजमा दिल्ली लग्ने ब्यबस्था मिलाउने जानकारी राजालाई दिन भनिएको थियो।

नभन्दै राजा त्रिभुवन भारतीय राजदूत सिपिएन सिंहको सहयोग र सल्लाहले बि.सं. २००७ साल कार्तिक २१ गते शितल निवासमा रहेको भारतीय राजदूतावासमा शरण लिन पुगे। जसको जानकारी तुरुन्तै भारतीय राजदूत सिपिएन सिंहले नेहरूलाई दिए भने नेहरूले त्यसको भोलिपल्ट नै पत्र लेखेर भारतीय राष्ट्रपति राजेन्द्र प्रसादलाई जानकारी दिएका थिए। राष्ट्रपतिको लागि पठाइएको पत्रमा नेहरूले लेखेका छन् - बम्बइ र पूनाको भ्रमणमा आज साँझ दिल्ली आइपुगे। यस बिच मेरो अनुपस्थितिमा नेपालमा महत्वपूर्ण घटनाक्रमहरू घटित भइसकेको रहेछ।

भोलिपल्ट कार्तिक २२ मा नेहरूले सिपिएन सिंहलाई टेलिग्राम पठाएर केही कुरा



गर्न लगाएका छन्। नेहरूले राजदूतलाई राजासंग भेटेर भारत आउने तैयारी गर्न लगाएका छन्। साथै तुरन्त जहाज पठाउन आफू तत्पर रहेको पनि जनाएका थिए।

यसको भोलिपल्ट कार्तिक २३ मा भारतीय वायुसेवाको विमानलाई नेपालमा अवतरण गर्न नदिएको तथा भारत र नेपाल विचको सन्धिको कारणले आफूले विमान अवतरण गर्न नसकिने हुँदा छिट्टै नै कुनै समाधानको उपाय खोज्ने जानकारी भारतीय प्रधानमन्त्री नेहरूले राजदूत सिपिएन सिंहलाई दिएका थिए। कार्तिक २७ गते डायरीका पन्नामा नेहरूले नोट गरेका छन्। नेपालको अवस्था दिन प्रतिदिन बिग्रदै गएको तथा नेपाली राजदूत विजय शम्शेरले छिट्टै नै भारतसंग बार्ताको लागि आउन चाहेको सूचना प्राप्त भएको लेखेका छन्। आम नेपाली जनता राजा त्रिभुवनको पक्षमा रहेको तथा नेपाली कांग्रेसको पछि लागेको देखिएको छ। यसर्थ अब नेपाली सेनाको भूमिकामा सबै केन्द्रित रहेको देखिएको अनुमान गरिएको छ। विरगंजमा आन्दोलन चर्किएको तथा विहारका मुख्यमन्त्रीलाई भारतीय भूमीमा नेपाली आन्दोलनकारी तथा नेपाली सैनिकलाई प्रवेश नदिन पनि भनेको लेखेका छन्।

कार्तिक २८ गते उपप्रधानमन्त्री बल्लभभाइ पटेलले नेहरूलाई लेखेको पत्रका अनुसार पटेलले नेपाली कांग्रेसलाई त्यति नरुचाउने भन्ने देखिन्छ। त्यहि दिन इंटेलिजेंस ब्यूरोका डाइरेक्टर बि एन मल्लिकले नेपालको तराइमा नेपाली कांग्रेसका बिद्रोहीहरूबाट गरेका कृयाकलापको विवरण भारतीय प्रधानमन्त्री नेहरूलाई बुझाएका थिए। जसका अनुसार

१. कार्तिक २५ गते राती ८ बजे नेपाली कांग्रेसले महावीर शम्शेरको हिमालयन एभिएशनले पर्चा छरेको थियो। यसको लागि जहाज पटनाबाट उडाइएको थियो।

२. कलकत्ताबाट आएका नेपाली कांग्रेसका करिव २०० हतियारधारी लडाकुहरूलाई मुजफ्फरपुरमा जम्मा गरि ल्याइएका थिए। यि लडाकुहरूलाई मुजफ्फरपुरबाट रक्सौलसम्म ट्रकमा राखेर ल्याइएको थियो। हतियार तथा गोलाबारुद पनि कलकत्ताबाट नै ल्याइएको थियो।

३. वीरगंजका वडाहाकिमलाई समातेर रक्सौलको थाना अगाडि रहेको डाकबंगलामा कैद गरेर राखिएको थियो। कांग्रेसले भागेर जान सक्ने भन्दै शसस्त्र लडाकुहरूले सुरक्षा दिएर राखिएको थियो। पछि विहार सरकारले रक्सौलबाट मुजफ्फरपुर लगेर राखेको थियो।

४. नेपालबाट समातेर लगिएका ४६ नेपाली सैनिकहरूलाई समातेर रक्सौलको थानामा राखिएको थियो। तिनीहरूलाई बिगत २४ घण्टादेखि नेपाली कांग्रेसको लागि बिद्रोही सैनिकको रुपमा काम गर्न दवाव दिए पनि तिनीहरूले कांग्रेसको लागि काम गर्न नचाहे पछि थानाबाछ छोड्ने तैयारी गरिएको छ।

५. नेपाली कांग्रेसले वीरगंजमा रहेको सदर मुलुकी खानाबाट नगद २६ लाख लुटेको रहेछ। त्यस्तै तीन बक्सा सुनको ढिक्का तथा दुइ बक्सामा सुनको सिक्का पनि चोरेर लगेका थिए। सुवर्ण शम्शेर, बिपी कोइराला तथा तेजबहादुर अमात्यले नेपालमा कार्यालय स्थापना गरेका छन्। साथै भारतको रक्सौलमा रहेको सरकारी निवासमा पनि बस्ने गर्दछन्। तिनीहरूले लुटेको रकम यस निवासमा लुकाएर राखेको आशंका गरिएको छ।

६. वीरगंजको अवस्था भयावह हुदै गएको छ। साथै सरकारी सेनाको आक्रमणको पनि डरले जनताहरू भाग्न थालेका छन्। नेपाली कांग्रेसले सम्पती बेचेर जान पनि बन्देज लगाएको छ। वीरगंजमा ब्यापार गरेर बस्ने मारवाडीहरू पनि रक्सौल भाग्न थालेका छन्।

७. वीरगंजबाट नेपाली कांग्रेसका २०० सैनिकहरू उत्तरी अमलेखगंज पुगेका छन्। त्यहा अन्य १२०० बिद्रोहीहरू नेपाली सेना काठमाडौंबाट आउँदै गरेको आशंकामा लुकिछिपि आक्रमणको तैयारीमा बसेका छन्। भीमफेदी र अमलेखगंज बिच कहिं पनि भिषण युद्ध हुन सक्ने सम्भावना रहेको छ।

८. आम मानिसहरूमा यस किसिमको लडाइमा भारतको साथ र सहयोग रहेको धारणा बनाउन थालेको छ। साथमा पत्रपत्रिकाले पनि यस्तै मनसाय रहेको छाप्ने गरेको देखिन्छ।

यस किसिमको जानकारी भारतीय इंटेलिजेंस ब्यूरोका डाइरेक्टर बि एन मल्लिकबाट प्राप्त हुनासाथ नेहरूले विहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई टेलिग्राम पठाएर भारतीय भूमी नेपाल सरकार तथा बिद्रोही नेपाली कांग्रेसले प्रयोग गर्न नपाउने तथा हतियार बोकेर आएमा हतियार खोसी प्रवेश गर्न दिने जानकारी दिए।

सोही दिन भारतीय प्रधानमन्त्री नेहरूले बेलायती प्रधानमन्त्री सि आर एटलीलाई वीरगंजमा नेपाली कांग्रेस समर्थित बिद्रोही सैनिकहरूले बडाहाकिमको कार्यालयमा आक्रमण गरेको जानकारी पठाएका छन्। साथमा उनले लेखेका छन्। नेपाली कांग्रेसलाई कुनै पनि रुपमा भारतीय भूमी प्रयोग गर्न दिइएको छैन।

यसरी नेहरूले बेलायती प्रधानमन्त्रीलाई ढाँटेको देखिन्छ। सोही दिन कार्तिक २८ को दिउँसो नेहरू र राजा त्रिभुवनको निकै लामो वार्तालाप भएको देखिन्छ। नेहरूले सो वार्तालापको जानकारी बुँदागत रुपमा आफ्नो डायरीमा कोरेका छन्।

१. आज नेपालको राजासंग मेरो डेढ घण्टा लामो कुराकानी भयो। मैले वहाँसंग पूर्णरुपमा र स्पष्टसंग कुराकानी गर्दै भारत सरकारको नीति पनि सम्झाए। मैले राजालाई भने नेपालमा प्रजातान्त्रिक सरकार होस भन्नेमा हामी सधैं चिन्तित छौं। त्यसको लागि नेपालको प्रधानमन्त्रीलाई बारम्बार अनुरोध पनि गरेका थियौं तर दुर्भाग्य उसले हाम्रो सल्लाह मान्न नै चाहेन।

२. नेपाली कांग्रेसका कार्यकर्ताहरूसंग हाम्रो पुरानो सम्बन्ध थियो। नेपालमा प्रजातन्त्र बहालीको लागि हामी सहमत थियौं। तर, हामीले हिंसात्मक आन्दोलनलाई सहयोग गर्न नसक्ने स्पष्ट पारेका थियौं। त्यसैले हाम्रो भूभागको कुनै पनि क्षेत्रबाट नेपाल विरुद्धमा कुनै पनि कारबाहीका प्रयोग नगर्न भनेका छौं। हाम्रो इलाकाबाट हतियार सहित नेपाल जान अनुमति दिँदैनौं। त्यस्तै नेपाली सेना वा नेपालबाट हतियार सहित भारत आउन पनि कसैलाई दिदैनौं।

३. मैले राजालाई भने कि हर दृष्टिकोणबाट यो उपयुक्त छ कि हामी यस मामिलामा नअल्झियौं। र मैले राजालाई यो पनि भने कि हर हालतमा कांग्रेसका नेताहरूसंग नभेट्नु। यदि ति नेताहरूसंग भेट्नुभयो भने सबै कुरा दिल्लीबाट निर्देशित रहेको शंका गर्नेछ। त्यसैले म पनि कांग्रेसका नेताहरूसंग भेट्न चाहन्न।

४. मलाई यस्तो लाग्छ मैले राजालाई भने कांग्रेसीहरू कुनै विवेक प्रयोग गरिरहेका छैनन्। यिनीहरू संग हामी मिल्नु पनि लज्जास्पद हुनेछ। हामी यिनीहरूसंग टाढिन त चाह्यौ तर हामी प्रजातन्त्रको पक्षमा थियौ। आशा छ यस किसिमको द्वन्द छिट्टै अन्त हुनेछ। यदि हामीबाट केही सहयोग चाहिएमा हामी दिन तैयार छौ।

५. मैले राजालाई आफ्नो अवस्था र सल्लाहहरूको बारेमा भने। शायद यसमा विश्वास भएर होला यसलाई मान्न तैयार भएको जानकारी दिनुभयो। मैले फेरी पत्रकारसंग धेरै कुराकानी नगर्न पनि अनुरोध गरे।

६. त्यसपछि मैले राजालाई नेपालको भविष्यको बारेमा आफ्नो धारणा बारे प्रश्न गरे। वहाँसंग कुनै स्पष्ट बिचार र धारणा थिएन। लोकतन्त्र बारेमा पनि खासै जानकारी लिनु भएको थिएन। मैले वहाँलाई भने म सहमत छु एक न एक दिन संविधान सभाको गठन गर्नैपर्छ। तर कसरी यसको चुनाव गराउने भन्ने बारेमा अहिले नै केही भन्न सक्दिन। तर पनि अन्तरिम ब्यबस्थाको कुरा भने अवश्य उठ्नेछ।

७. मैले यो सबै विषयमा सोच्नको लागि राजालाई स्वतन्त्र छोडिदिए।

८. राजा फर्केको केही समय पछि मैले जानकारी पाएँ। पटनाबाट बिशेष विमानमा नेपाली कांग्रेसका केही नेताहरू (मातृका प्रसाद, सुवर्णशम्शेर, महावीर शम्शेर तथा बिपी कोइराला) दिल्लीको विलिङ्टन विमानस्थलमा आइपुगेका थिए। जहाँ भारतीय अधिकारीहरूले केही बेर सोधपुछ पनि गरेका थिए। जहाजमा दुइ ठूला ठूला ट्रंकमा नेपाली रुपैया ३५ लाख ल्याइएको थियो जुन विरगंजमा लुटिएको थियो। भारतीय अधिकारीहरूले सोधपुछ पछि नोटहरू गनेर केही कागजपत्र गरेर छोडेका थिए। पछि बिपीले सो पैसा राजा त्रिभुवनलाई हस्तान्तरण गर्न ल्याइएको भनेका थिए।

९. नेपालको हालको अवस्थाबारेमा कुनै निर्णय गर्नुपूर्व बिदेशी मामिला सम्बन्धी समितीको बैठक हुनु जरुरी हुन्छ। साथै यो प्रजातन्त्रको लागि लडाइ समाप्त गर्नको लागि कुनै सुझावहरूको पनि आबश्यकता रहेको देखेको छु।

यसरी राजा त्रिभुवन र भारतीय प्रधानमन्त्री नेहरू बिचको वार्तालापमा



प्रहरी प्रमुख नरशमशेर जबरा (बायाँ), श्री ५ त्रिभुवन, भारतीय प्रधानमन्त्री नेहरू, श्री ३ मोहनशमशेर जबरा, भारतका लागि नेपाली राजदूत विजयशम्शेर जबरा।

नेहरूले राजालाई कांग्रेसका नेताहरू तथा पत्रकारहरूलाई समेत नभेट्न भनेको हुँदा नेहरू राजालाई आफ्नो अनुसार हिड्न बाध्य बनाउने तैयारीमा थिए भन्ने बुझ्न सकिन्छ।

यसको भोलिपल्ट कार्तिक २९ गतेको बिहानै बिपी कोइरालाले भारतीय प्रधानमन्त्री नेहरूको निजी सचिव एमओ मथाइ संग भेट गरेर भारत सरकारले राजा त्रिभुवनको नेतृत्वमा गठन हुने नेपाली कांग्रेसको सरकारलाई मान्यता दिने आशा ब्यक्त गरे। उनले हतियारको लिष्ट दिदै भारत सरकारबाट सहयोग पाउने आशा पनि ब्यक्त गरे। साथै भारतीय सेनामा कार्यरत गोर्खाली सैनिकहरूलाई पनि नेपालमा राणा विरुद्धको युद्धमा राजा त्रिभुवनको सहयोगमा लड्ने अनुमति दिन पनि अनुरोध गरे। र अन्तमा बिपीले छिट्टै नेहरूसंगको भेटघाटको अपेक्षा पनि राखे।

बिपीसंगको भेट र बिपीको भारत सरकारबाट राखेको अपेक्षा बारेमा निजी सचिवले नेहरूलाई सुनाए। नेहरू बिपी प्रति रुष्ट भए। उनले भने यिनीहरूको माग देखेर म आश्चर्यित भए। यिनीहरू निकै ठूलो भ्रममा छन्। भारत सरकार के हो र सरकारले के कसरी काम गर्दछ भन्ने नै यिनीहरूलाई थाहा छैन।

भारत सरकारले अझै पनि नेपालको राजाको रुपमा त्रिभुवनलाई लिइरहेको छ। र नेपालमा रहेको राणा सरकारसंग पनि सम्बन्ध कायमै छ। यि दुइको बिचमा नेपाली कांग्रेस कतै आउँदैन। साथै नेपाली कांग्रेसले सरकार बनाइ हाल्ने र त्यसलाई मान्यता दिइ हाल्नुपर्छ भन्ने देखिदैन।

नेपाल र भारत सरकार बिच कुनै युद्धको अवस्था नै नहुँदा नेपालको बिद्रोहीहरूलाई सैनिक सहयोग गर्ने कुनै कुरै आउँदैन। हामी त हाम्रो भूमीको उपयोग आक्रमणको लागि समेत नेपाल सरकार तथा बिद्रोही दुबैबाट हुन दिदैनौ।

कोइराला र उनका साथीहरूले यो स्पष्ट बुझ्नुपर्दछ कि उनिहरूले नेपालको स्वतन्त्रता तथा सुधारका लागि जुन कृयाकलाप गरिरहेका छन् यसले नेपालको राजा तथा भारत सरकारलाई निकै लज्जास्पद बनाएको छ। नेपाली कांग्रेसका कार्यकर्ताहरूको कतिपय कामहरू बिना सुझबुझ तथा दुस्साहस पूर्ण रहेको छ जसले यिनीहरूलाई नै हानी पुर्याइरहेको छ। हिजो नेपालमा लुटिएको रकम बोकेर जसरी दिल्ली आइपुगे यसले भारत सरकारलाई निकै लज्जास्पद बनाएको छ।

नेपाली कांग्रेसका नेताहरूलाई मेरो यो सुझाव छ कि यिनीहरू भारत सरकार तथा नेपालको राजासंगबाट टाढा रहनु। साथै दिल्लीमा कोही पनि नबस्नु। यदि भारतमा बसेर गलत गतिविधी सञ्चालन गर्दछ भने यिनीहरूको कृयाकलाप माथि प्रतिवन्ध लगाउन भारत सरकार बाध्य हुनेछ।

भारत सरकार नेपालको हालको समस्याबाट मुक्त दिलाउन तथा नयाँ सरकार गठन गर्ने कार्यमा सहयोग गर्न तैयार छ। त्यसको लागि नेपाली कांग्रेसले सबै किसिमका लज्जास्पद गतिविधी त्याग्नु पर्दछ। यदि नेपाली कांग्रेसबाट भइरहेको युद्धरत कृयाकलाप बन्द भयो भने नेपाल सरकारलाई शान्तीवार्ताको लागि आह्वान गर्न सकिन्छ। जसले छिट्टै नै कुनै हल निकाल्नेछ।

यो सबै कृयाकलापमा बिपी कोइराला हुनु हुदैन। छिट्टै नै बिपी तथा उनका साथीहरूले दिल्ली छोड्नु भन्ने म चाहन्छु।

यसरी नेहरूले आफ्ना निजी सचिव एमओ मथाइलाई दिएको जानकारी हेर्दा भारत सरकारको रवैया नेपाल प्रति कस्तो थियो भन्ने सहजै बुझ्न सकिन्छ। नेहरूले राजा त्रिभुवन र श्री ३ मोहन शम्शेर बिच मध्यस्तता गर्न चाहेको बुझ्न सकिन्छ। आम नेपालीहरूले देशभर चलाएको आन्दोलन हिँसक र अराजक भएको हुँदा तुरुन्तै बन्द होस भन्ने नेहरू चाहन्थ्यो। यसरी त्रिपक्षिय वार्तामा नेहरू, राजा र राणा मात्र होस भन्ने चाहेको देखिन्छ। यसैले बिपीले बारम्बार हैदरावाद हाउसमा राजासंग भेट्न चाहँदा पनि भेट गर्न दिइएन। तर त्यसबेला राजाका कट्टर समर्थक रहेका इश्वर शम्शेरलाई भने नेहरूले राजासंग भेट गर्न दिएका थिए।

नेहरूको कथन अनुसार कांग्रेसले दिल्ली छोडेको देख्न चाहेको भनिएकै भोलिपल्ट उपप्रधानमन्त्री बल्लवभाइ पटेलले नेहरूलाई लेखेको पत्रमा भारतीय भूमिबाट उडेको जहाजबाट नेपालमा राणा विरोधी पर्चा छरेकोमा विरोध प्रकट गरेका छन्। अन्तर्राष्ट्रिय कानुन विपरीत यस किसिमको कार्यमा बन्देज लगाउन अनुरोध गरेका छन्। यस पत्रको जवाफमा भोलिपल्टै नेहरूले यस किसिमको उडानमा पूर्णरूपमा निषेध गरिएको जानकारी पठाएका छन्। यसले नेपाली कांग्रेस प्रति केवल नेहरू मात्रै होइन भारत सरकारका अन्य निकाय पनि लागि परेको स्पष्ट हुन्छ।

यसै बिच नेपालका लागि बेलायती राजदूत जर्ज फाल्कनरले बेलायती बिदेश मन्त्रालयलाई पठाएको पत्रमा बेबी किङ्गलाई स्विकार्न सकिने जानकारी दिएका थिए। साथै भारतका लागि बेलायती उच्चायुक्त आर्चिबल्ड नाई पनि नेपाल सरकारको अनुरोधमा बेबी किङ्गलाई मान्यता दिनुपर्नेमा सोच्नुपर्ने अवधारणामा लागिरहेका थिए। तर भारत सरकार कुनै पनि हालतमा बेबी किङ्गलाई मान्यता दिनुहुन्न भन्नेमा नै जोड दिइरहेका थिए। यसरी भारत सरकार नेपाली कांग्रेसलाई सहयोग गर्न पनि चाहेको देखिदैनथ्यो भने राजा त्रिभुवनको सत्ता बलियो बनाउने चाहनामा पनि थिएन। मोहनशम्शेरलाई पनि आश्वासन दिएर नै राखिरहेका थिए।

बेलायती राजदूत जर्ज फाल्कनरले त बिदेश विभागलाई पठाएको पत्रमा राजा त्रिभुवन प्रति पनि नकारात्मक विवरण समेत पठाएका थिए। उनले राजा त्रिभुवनलाई धेरै झुठ बोल्ने र षडयन्त्रमा लिप्त समेत भनेका थिए। यसर्थ पनि राजा त्रिभुवन भन्दा नाबालक राजा ज्ञानेन्द्र नै सहि भएको तर्क समेत दिएका थिए। अर्को तर्फ नेहरू भने दोहोरो भूमिकामा देखिन्थे। एकातर्फ केन्द्रमा बसेर भारतीय भूमिबाट नेपाली कांग्रेसले कुनै पनि किसिमको आक्रामक कृयाकलाप गर्न नदिने भनिरहेका हुन्थे भने यता बिहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हाले भने सिमा क्षेत्रमा हुने नेपाली कांग्रेसका गतिविधीमा बेवास्ता गरिरहेका हुन्थे।

नेपाली कांग्रेसका बिपी, सुवर्ण, मातृका तथा महावीर दिल्लीमा आफूलाई चोख्याउने पुगे पनि उल्टै नेहरूको हप्की खाएर फर्कन बाध्य भएका थिए। यता राणाहरूले कांग्रेसका हरेक गतिविधी अराजक र डकैती सरहको रहेको प्रचार गरिरहेका थिए भने नेहरूले पनि उस्तै भाषाको प्रयोग गरेर दिल्लीबाट फर्कन चेतावनी दिएका थिए। कांग्रेसले राजा पनि भेट्न पाएनन् र लुटिएको धन राजालाई सुम्पेर क्रान्तीको लागि खर्चिने बचन पनि पुरा गर्न पाएनन्।

२० नवम्बर १९५० अर्थात २००७ मंसिर ५ गते बेलायती मन्त्रीपरिषदको बैठकले नाबालक राजा ज्ञानेन्द्रलाई मान्यता दिने तैयारी भइसकेको थियो। यहि समय मंसिर १ गते नेहरूले बेलायती विदेश मन्त्रालयका सचिवलाई लामो पत्र पठाएर बेलायती सरकारले नाबालक राजालाई मान्यता नदिन अनुरोध गरे। साथै नेहरूले उत्तर प्रदेशका मुख्यमन्त्री गोविन्द बल्लभ पन्तलाई पनि लामो पत्र लेखेर आफू नेपालमा शान्तिपूर्ण वार्ताबाट शान्तीबहाली भएको देख्न चाहेको जानकारी दिएका छन्। आफू बम्बइ भ्रमणमा रहेको समय अचानक राजाले सपरिवार भारतीय राजदूतावासमा शरण लिन आएको हुँदा आफूले सुरक्षित दिल्लीमा ल्याएको जानकारी दिएका थिए। *(क्रमशः)*

# आइएस लडाकुहरूप्रति मुस्लिम केटीहरूको आकर्षणमा



विष्णु भट्टराई





भर्खरै १८, १९ वर्षको कलकलाउँदो जवानी। आधुनिक विश्वविद्यालयस्तरको अध्ययनले बढाएको बौद्धिकस्तर। भौतिक रूपमा केहीको कमी छैन, उनीहरूलाई। सबै कुराले सम्पन्न छन्। पैसा, ऐस आराम सबैथोकले भरिपूर्ण छ, जीवन। आखिर यही त हो बैंसको बोनस। किशोरावस्था भर्खरै पार गरेका उनीहरूको जीउडाल र बैंस देख्दा विश्वविद्यालयका युवकहरू पागलै हुन्छन्। उनीहरूको सौन्दर्य देखेर वर्णन गर्न सयौं किशोरले हजारौं हरफ खर्चे होलान्। तै पनि यी सबै भौतिक सुख र बिलासीपूर्ण जीवनलाई 'बाल' दिएर अतिवादी समूहका लडाकूहरूसँग समपिर्त हुन थालेका छन्, उनीहरू।

(कतिपय पश्चिमेली युवतीहरू आफ्नो उम्लिएको जवानी बिसाउने चौतारी अतिवादी समूह बनेको र आईएस आबद्ध लडाकूले उनीहरूको तातो जवानी धानिदिएको आरोप केही आलोचकले लगाउँदै आएका छन्।

अल्लारे किशोरीमा घाँटी रेटेको वा टाउको फुटाएको अनुभव लिने अनौठो मोह हुन्छ। यो एउटा कथित साहसिक कार्य हुन सक्छ, उनीहरूका लागि। कतिपयले आफ्नो घरमा भन्दा युद्धग्रस्त क्षेत्रमा बढी आत्मसम्मान पाउँछन्।)

हो फ्रान्स, बेलायत, स्पेन, जर्मन टर्कीलगायत पश्चिमेली मुलुकका युवतीहरू घरबाट सुटुक्क भागेर अतिवादी मुस्लिम समूह स्लामिक स्टेट (आईएस) का पछि लागेका छन्। उनीहरूको एउटै र अन्तिम सपना छ, लडाकूको जीवन संगिनी बन्ने। अर्थात् आफ्नो विचारसँग मतभेद राख्ने वा सरकारसँग रिस साँध्न नागरिकलाई बन्धक बनाई पिंजडामा जिउँदै जलाउने, घाँटी रेट्नेदेखि २० तला अग्लो भवनबाट खसालेर ढुंगाले थिचेर पाशविक हत्या गर्ने अतिवादी लडाकू कतिपय पश्चिमीले किशोरीका सपनाका राजकुमार बन्न थालेका छन्, यतिबेला। सुन्दा जोकोही पनि अचम्म लाग्ने तर विश्वास गर्न करै लाग्ने उनीहरूका पछिल्ला गतिविधि आईएसविरुद्ध संयुक्त रूपमा फौजी कारबाही सञ्चालन गरेका पश्चिमेली देशलाई अर्को टाउको दुखाइको विषय भएको छ, अहिले।

आफ्नो सन्तालने बिलासीपूर्ण जीवन र करिअरलाई पूर्णबिराम लगाई युद्धले तहसनहस भएको मुलुकतर्फ आकर्षित भएको घटनातर्फ भने अलमलमा छन्, अभिभावक।

कतिपय देशमा यसले महामारीका रूप लिएपछि आफ्ना सन्तानलाई युद्धभूमिमा जानबाट बचाउने नयाँ सूत्रको खोजीमा छन्, उनीहरू। उज्ज्वल भविष्यलाई वेबास्ता गरी लडाकूसँग चुम्बकझैं टाँसिन खोज्न किशोरीको मनोदशाका विषयमा साँच्चै नै मनोविश्लेषकले अध्ययन गर्नुपर्ने हो कि ? अभिभावकका ओठमा यस्तै आवाजले स्थान पाएको छ, अहिले।

जानेर वा अन्जानमा यी किशोरीहरू अतिवादीको चंगुलमा फसेका छन्। अनि, आफ्नो कलिलो जवानी उनीहरूलाई जिम्मा लगाइदिएका छन्। आखर किन दिनहुँ भाग्दै छन्, किशोरी अतिवादीको क्रिडास्थल बनेको सिरिया र इराकमा ? अनि किन माग हुँदै छ उनीहरूको ? अहिले सर्वत्र कौतुहल र जिज्ञाशा बढ्दो छ। लडाकूहरूलाई अतिवादी समूहमा भर्ती गरिनुपूर्व किशोरी उपलब्ध गराइदिने प्रलोभन देखाइँदा उनीहरूको माग दिनहुँ बढ्दो रहेको बताइन्छ। अतिवादीले अनलाइनमार्फत किशोरीलाई आफूतर्फ आकर्षित गरेको पछिल्ला अध्ययनले पुष्टि गरेको छ। त्यसो त मानिस सामजिक प्राणी भएकाले पनि उसलाई आफ्ना विचार आदानप्रदान गर्न र अनुभव साट्न विपरीत लिंगीको आवश्यकता पर्छ। निश्चित उद्देश्य र आदर्श बोकेका अतिवादीलाई पनि महिलाको आवश्यकता नपर्ने कुरै भएन्।

(जानेर वा अन्जानमा यी किशोरीहरू अतिवादीको चंगुलमा फसेका छन्। अनि, आफ्नो कलिलो जवानी उनीहरूलाई जिम्मा लगाइ दिएका छन्। आखिर किन दिनहुँ भाग्दै छन् किशोरी अतिवादीको क्रीडास्थल बनेको सिरिया र इराकमा ? अनि किन माग हुँदै छ उनीहरूको ? अहिले सर्वत्र कौतुहलता र जिज्ञासा बढ्दो छ।)

त्यही आवश्यकतालाई पूर्ति गर्ने 'शत्रु'













देशकै चेलीलाई ताकेको छ, इस्लामिक स्टेटले। 'लडाकूलाई भर्ती गर्नुअघि युवती मिलाइ दिने बाचा समूहले गरेकोले आफ्ना लडाकूलाई सन्तुष्ट पार्न पनि किशोरीको माग बढेको हो। तर, त्यहाँ पुऱ्याइएपछि युवतीहरूलाई अनेकौं रूपमा प्रयोग गरिन्छ,' विश्लेषक भन्छन्। तर, प्रायः किशोरी 'जिहादीका दुलही' को अतिरिक्त अनेक भूमिकामा देखिनुले पनि उनीहरूको आवश्यकता बढ्दो रहेको सहजै अनुमान गर्न सकिन्छ।

आईएस नियन्त्रित सिरियाको रक्वा सहरमा लडाकूका पछि लागेका ब्रिटिस महिलाले सारिया प्रहरी युनिट सञ्चालन गर्नुले पनि उनीहरूको विविध भूमिकालाई संकेत गर्छ। यी महिलाले त्यस क्षेत्रमा मुस्लिम 'ड्रेस कोड' बाध्य पार्नुका साथै एउटा वेश्यालय सञ्चालन गरेका छन्, जहाँ आईएस लडाकूलाई 'यौन दासी' उपलब्ध गराउँछन्।

युरोप महादेशबाट आईएस समूहसँग भाग्ने युवतीको जमात उल्लेख्य छ, तथापि यसले महामारीको रूप भने लिइसकेको छैन। बेलायत, जर्मन र फ्रान्सबाट सयौं युवती पछिल्लो समयमा आईएसमा आबद्ध छन्। यस आन्दोलनका केही 'पोस्टर गर्ल' भने अस्ट्रियन किशोरी रहेको बताइन्छ जो सिरियामा रहेका आईएस लडाकूलाई आफ्नो हात सुम्पेका छन्। केही किशोरी गर्भवती भएपछि घर फर्किन इच्छुक रहेको बताइन्छ। लडाकूप्रति किशोरीको मोह अनौठो छ। 'यी किशोरीलाई अतिवादीले अनौठौ मन्त्र फुकेको देखिन्छ', सोमाली विश्लेषक अवदाजक बिही भन्छन्। रुस अमेरिकालगायतका देशमा भएका आत्मघाती हमलामा यी महिलालाई मानव ढालका रूपमा प्रयोग गरिएको उनी दाबी गर्छन्।

नेदरल्यान्ड, क्यानडा, नर्बे र स्विडेनबाट पनि दिनहुँजसो सयौं युवतीहरू आईएससँग भागेका छन्। आखिर पश्चिमेली मुलुककै युवती आईएसका पछि किन लागिरहेका छन् ? सुरुमा आईएस लडाकू संगठनमा आबद्ध आफ्ना पतिलाई साथ दिन केही महिला घर छोडेर सिरिया भागेपछि लहैलहैमा अन्य किशोरी पनि युद्धग्रस्त क्षेत्रका लडाकूसँग सुइँकुच्चा ठोक्ने क्रण्म बढ्दो छ। युनिर्भसिटी अफ मासाचुसेटका प्राध्यापक मिआ ब्लोमका अनुसार यी महिलालाई बच्चा उत्पादन गर्ने कारखानाको रूपमा उपयोग गरिएको छ। आईएस लडाकूको जनसंख्या बढाउन अतिवादी समूहले नयाँ जुक्ति ल्याएको उनको कथन छ। तर, पछिल्लो समयमा चिकित्सक, नर्सलगायतका विभिन्न पेसाका व्यक्ति पनि अतिवादी समूहप्रति आकर्षित छन्।

कतिपय पश्चिमेली युवतीहरू आफ्नो उम्लिएको जवानी बिसाउने चौतारी अतिवादी समूह बनेको र आईएस आबद्ध लडाकूले उनीहरूको तातो जवानी धानिदिएको आरोप केही आलोचकले लगाउँदै आएका छन्। यसमा आंशिक सत्यता भए पनि यौन सन्तुष्टिकै लागि पश्चिमेली किशोरीलाई अतिवादीको पछि लाग्न आवश्यक देखिँदैन। पति पाउनकै लागि जीवनलाई यति ठूलो जोखिममा राख्न आवश्यक नपर्ने केही विश्लेषक बताउँछन्। जिहादी बेहुलीको धारणा त केबल कथाको एउटा अंश मात्र हो। युद्धभूमि छनोटमा पर्दा पछाडि अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण देखिन्छ, नयाँ र पूर्ण आदर्शयुक्त राजनीति। उनीहरू आईएसमा आबद्ध रहनुको अर्को अर्थ हो, जिहादमा र नयाँ मुस्लिम राज्य निर्माणमा ऐतिहासिक सहभागिताको अवसर। लडाकू मरेपछि उनीहरूलाई 'महान् सहिद पत्नी' को पगरी गुथाइने र मुस्लिम इतिहासमा स्वर्ण अक्षरले उनीहरूको नाम लेखिने भ्रम केही युवतीमा देखिन्छ।

पश्चिमेली मुस्लिम युवती लडाकूप्रति आर्कर्षित हुनुमा ती देशका सरकारको मुस्लिम नागरिकप्रति देखाउने रबैया त होइन ? मुस्लिम महिलालाई हेर्ने दृष्टिकोण पो हो कि ? बुद्धिजीवीहरूले यस्तै प्रश्नका चाङ थोर्पन थालेका छन्। वास्तवमा पश्चिमेली मुलुकहरूले मुस्लिम किशोरीहरूलाई विभिन्न अधिकार र स्वतन्त्रताबाट वञ्चित गरेको छ। सरकार र समाजबाट आफू अपहेलित र तिरस्कृत भएको ठान्छन्, केही मुस्लिम युवतीहरू। आफ्नो मुस्लिम मूल्य र मान्यता रास हुँदै गएकामा उनीहरू चिन्तित छन्। 'म जहिले पनि सारिया कानुनअन्तर्गत बाँच्न चाहन्थे।

तर, युरोपमा यो सम्भव देखिनँ,' अमेरिकामा रहेको अल मोनिटर वेबसाइटसँग कुरा गर्दै सिरियामा रहेकी खादिजा भन्छिन्। पश्चिमेली समाज पतनको दिशातर्फ उन्मुख भएको, मुस्लिम संस्कारप्रति निषेध गरिएको गुनासो उनीहरूको छ। फ्रान्समा महिलालाई बुर्का लगाउन नदिने सरकारी निर्णयले पनि कतिपय मुस्लिम किशोरी क्रुद्ध छन्।

पश्चिमेली मुलुकबाट सुइँकुच्चा ठोकेर सिरियामा आईएससँग आबद्ध हुन आएका महिलाको कथा र व्यथाले पनि राजनीति र व्यक्तिगत कारण दुवैलाई उजागर गर्छ। १४ देखि १५ वर्षका किशोरी जिहादीसँग विवाह गर्न, सन्तान हुर्काउन र आवश्यक परे हतियारसमेत उठाउन सिरिया भागेका छन्। अधिकांशको भर्ना छनोट सामाजिक सञ्जालमार्फत हुने गर्छ।

केही किशोरीमा युद्ध र योद्धाका विषयमा अतिरञ्जित विचार हुने र उनीहरूले लहडमै अतिवादीसँग हिमचिम बढाने बताइन्छ। फ्रेन्च इन्स्टिच्युट अफ इन्टरनेसलन एन्ड स्टाटेजिक रिलेसनका करिम पकजाद कतिपय किशोरी बहकाउमै आईएसका पछि लागेको बताउँछन्। 'अल्लारे किशोरीमा घाँटी रेटेको वा टाउको फुटाएको अनुभव लिने अनौठो मोह हुन्छ। यो एउटा कथित साहसिक कार्य हुन सक्छ, उनीहरूका लागि। कतिपयले आफ्नो घरमा भन्दा युद्धग्रस्त क्षेत्रमा बढी आत्मसम्मान पाउँछन्,' उनी तर्क गर्छन्।

यी किशोरी निकै कलिला भएकोले असल तथा खराब छुटाउन नसकी बहकाबमा लागेर लडाकूप्रति आकर्षित हुने गरेका छन्। उनीहरूलाई द्वन्द्व तथा मुस्लिम भक्तिबारे खासै ज्ञान छैन। बरु सजिलै 'म्यानुपुलेट' भएका छन्। कतिपयले आफूसँग अन्य दौंतरीलाई पनि साथै लिएर गएका छन्। 'आफू मानवीय कार्यमा सहभागी रहेको भ्रम यी किशोरीमा छ,' यूके मुस्लिम वुमेन नेटवर्ककी साइस्ता गोहिर भन्छिन्। विज्ञहरूका अनुसार उनीहरूलाई भर्ना गर्न सामाजिक सञ्जालको उत्तिकै महत्वपूर्ण भूमिका छ।

यौनहिंसा

पूर्वसीआईए विश्लेषक अकी परितेजका अनुसार यी लडाकूहरूले व्यापक रूपमा यौन हिंसा मच्चाएका छन्। 'उदाहरणका लागि गत वर्ष मात्र आईएसले १५ सय महिला, किशोरीलाई यौन दासी बनाएको राष्ट्रसंघले अनुमान गरेको थियो।

इराकमा यौन हिंसाकै लागि आईएस लडाकूले एकै परिवारका सबै सदस्यलाई अपहरण गरेको एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनमा उल्लेख थियो,' उनी तर्क गर्छन्। गत जुनमा इराकको मोसुलमा घरघरमा पुगेर आईएस लडाकूले महिलालाई लछारपछार गरी बलात्कार गरेको तथ्य महिला अधिकारवादीले सार्वजनिक गरेका थिए। यी दृष्टान्तले पनि आईएस लडाकूले महिलालाई यौन दासी बनाएको पुष्टि हुन्छ।

गौरवान्वित छन् किशोरी

केही अधिकारवादी संस्थाले उनीहरूको यौनहिंसाबारे प्रश्न उठाइरहेका बेला आफ्ना किशोरी त्यहाँका विद्रोहीलाई यौन आनन्द दिन सिरिया भागेको आरोप ट्युनिसियाली सरकारले लगाएको छ। अकी परितेजका भनाइलाई ट्युनिसियाली मन्त्रीको भनाइले झनै समर्थन गरेको छ। आन्तरिक मन्त्री लोटफी बेन जेडोउले दुई साताअघि त्यहाँको एसेम्बलीलाई सम्बोधन गर्दै ठूलो संख्याका महिला यौन दासी बन्न सिरिया भागेको दाबी गरे। भन्छन्, 'त्यहाँका दर्जनौं लडाकूसँग यौन सम्पर्क गरेर गर्भवती बनी स्वदेश फर्किने गरेका छन्।'

तर, यी युवतीमा अतिवादीसँग आत्मीयता बढाएकामा कुनै गुनासो छैन। बरु घमण्ड र आत्मसम्मान छ। एके ४७ राइफल भिरेका, आत्मघाती बेल्ट लगाएका र गिंडेको टाउको हातमा झुन्डाएका तस्बिर निर्धक्कसँग सामाजिक सञ्जालमा उनीहरूले आदानप्रदान गरेका छन्। 'मेरो घाँटीमा स्टेथीस्कोपल लगाउन तयार छु, सहिद हुने मेरो महान चाहना हो,' आईएस आबद्ध एक महिला चिकित्सक उम अल बारा टविट गर्छिन्।

महिलाहरू आईएसतर्फ आकर्षित हुनुमा केही राजनीतिक तत्वले पनि कार्य गरेको केही विश्लेषकको ठम्याइ छ। उनीहरू विभिन्न भूमिकामा अतिवादीसँग साँठगाँठ गरेको भेटिन्छन्। खाना बनाउँदै गरेका, घरगृहस्थीमा व्यस्त रहेका, कफी पार्टीमा सहभागी भएका तथा आमा र परिचारिकाको भूमिकामा समेत उत्तिकै सक्रिय देखिन्छन्, उनीहरू। 'मसँग आएका अधिकांश दिदीबहिनी विश्वविद्यालयमा अध्ययनरत छन्।

यदि हामी भागेर नआएका भए हामी क्षणिक आनन्दको दुनियाँमा भ्रमपूर्ण रूपमा बाँच्ने थियौं, होला। तर, आज हामी अर्थपूर्ण जीवन बिताएका छौं,' लडाकू समूहमा आबद्ध एक किशोरीको समूहले ट्विट गरेका छन्। उनीहरूले सेप्टेम्बर ११ को साइत पारेर मुस्लिमका शत्रुविरुद्ध जेहाद छेड्न पनि आह्वान गरेका छन्। *(एजेन्सीहरूको सहयोगमा)*

# चीनद्वारा जिएसआईको विस्तृत अवधारणा सार्वजनिक

चीनले ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)को विस्तृत अवधारणा सार्वजनिक गरेको छ । राष्ट्रपति सी जिनपिङले विश्व सुरक्षाका लागि भन्दै प्रस्ताव अघि सारेको १० महिनापछि चीनले अवधारणा सार्वजनिक गरेको हो ।'द ग्लोबल सेक्युरिटी इनिसिएटिभ कन्सेप्ट पेपर'का नाममा चीनले अघि सारेको ३५ सय शब्दको २२ पृष्ठ लामो अवधारणामा सबै देशको वैध सुरक्षा चासो सम्बोधन गर्दै साझा हितका लागि साझा सुरक्षामा जोड दिइएको छ । चिनियाँ राष्ट्रपतिले गत ८ वैशाखमा आयोजित बोआओ फोरम फर एसिया सम्मेलनमा पहिलोपटक जिएसआईबारे बोलेपछि चर्चा हुँदै आएको थियो ।

चीनले सबै देशका जनताको हित, विश्वशान्ति र विकास तथा मानवताको भविष्यलाई जिएसआईले ध्यानमा राखेको उल्लेख छ । विश्वमा यतिवेला कहिल्यै नभएको परिवर्तन भइरहेको, कहिल्यै नदेखिएका विश्वव्यापी चुनौती देखापरेको, क्षेत्रीय सुरक्षा हटस्पट ज्वलन्त भएको तथा सुरक्षा खतरा थपिएको भन्दै साझा सुरक्षाको अवधारणा अघि सारेको छ । 'आशा र चुनौतीले भरिएको युगमा शान्ति, विकास र सबैलाई हित हुने गरी सहकार्य कसैले पनि रोक्न सक्दैन,' चीनले भनेको छ ।

चीनले सबै देशको साझा कार्य विश्वशान्ति र सुरक्षालाई कायम राख्ने र विश्वव्यापी विकास र समृद्धिको प्रवर्द्धन गर्ने हुनुपर्ने भनेको छ । यही सन्दर्भमा चिनियाँ राष्ट्रपति सीले विश्वव्यापी सुरक्षा पहल (जिएसआई) को प्रस्ताव राखेको चीनले जनाएको छ ।'अहिले तीव्र रूपमा परिवर्तन भइरहेको अन्तर्राष्ट्रिय परिवेशलाई अनुकूल बनाउन तथा एकअर्कासँग जोडिएका जटिल सुरक्षा चुनौतीमाथि विजय हासिल गर्ने गरी सम्बोधन गर्न सीले सबै देशलाई आह्वान गर्नुभएको छ,' नेपालस्थित चिनियाँ दूतावासले पठाएको अवधारणापत्रमा भनिएको छ, 'जिएसआईले अन्तर्राष्ट्रिय द्वन्द्वका मूल कारणलाई पत्ता लगाएर न्यूनीकरण गर्ने, विश्वव्यापी सुरक्षा तथा शासन प्रक्रियामा सुधार गर्ने, अस्थिर र परिवर्तनशील परिस्थितिमा स्थिरता र निश्चितता स्थापित गर्न संयुक्त अन्तर्राष्ट्रिय प्रयासलाई प्रोत्साहन गर्ने एवं विश्वमा दिगो शान्ति र विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।'

राष्ट्रपति सीले साझा, व्यापक र दिगो सुरक्षाका लागि नयाँ दृष्टिकोण सुरुवात गरेको र अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएर समर्थन गरेको चीनको दाबी छ । 'सुरक्षाको यो नयाँ दृष्टिकोणको सार भनेको साझा सुरक्षा अवधारणाको वकालत हो, प्रत्येक देशको सुरक्षाको सम्मान र सुरक्षा हो । परम्परागत र गैरपरम्परागत डोमेनमा सुरक्षा कायम गर्दै र समन्वयात्मक तरिकाले सुरक्षा सुशासनलाई अभिवृद्धि गर्ने साझा दृष्टिकोण हो,' चीनले भनेको छ । आर्थिक सहकार्य, राजनीतिक संवाद र शान्तिपूर्ण वार्ताको माध्यमबाट सुरक्षा हासिल गर्ने र दिगो सुरक्षाको खोजी गर्ने अवधारणाका रूपमा चीनले जिएसआईको व्याख्या गरेको छ ।

चीनले सबै देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्न प्रतिबद्धतासहित सुरक्षा अवधारणा ल्याएको जनाएको छ । 'सार्वभौम समानता र आन्तरिक मामिलामा अहस्तक्षेप अन्तर्राष्ट्रिय कानुनका आधारभूत सिद्धान्त र समसामयिक अन्तर्राष्ट्रिय सम्बन्धलाई सम्बोधन गर्ने आधारभूत मान्यतामा चीन प्रतिबद्ध छ,' अवधारणा पत्रमा भनिएको छ, 'हामी विश्वास गर्छौं कि सबै देश, ठूला वा साना, बलियो वा कमजोर, धनी वा गरिब जेसुकै हुन्, उनीहरू अन्तर्राष्ट्रिय समुदायका समान सदस्य हुन् । उनीहरूको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप रोकिनुपर्छ, सार्वभौमसत्ता र मर्यादाको सम्मान गरिनुपर्छ तथा सामाजिक प्रणाली र विकासको बाटो स्वतन्त्र रूपमा छनोट गर्ने अधिकारलाई समर्थन गर्नुपर्छ ।'

चीनले अवधारणामार्फत सबै देशहरूलाई साँचो बहुपक्षवाद अभ्यास गर्न आह्वान गरेको छ । यसका लागि संयुक्त राष्ट्र संघसँगको अन्तर्राष्ट्रिय प्रणालीलाई सहकार्यको केन्द्रमा राख्नुपर्ने चिनियाँ जोड छ । 'अन्तर्राष्ट्रिय कानुनद्वारा निहित अन्तर्राष्ट्रिय व्यवस्था र संयुक्त राष्ट्रसंघको बडापत्रद्वारा निहित अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यतालाई दृढतापूर्वक समर्थन गर्न हामी प्रतिबद्ध छौँ,' चीनले भनेको छ, 'पुरानो मानसिकता, एकपक्षीयवाद, गुट टकराव र आधिपत्यवाद संयुक्त राष्ट्रसंघीय बडापत्रका हिसाबले विरोधाभासपूर्ण छ र यसको प्रतिरोध गरिनुपर्छ ।'

चीनले सबै देशहरूको वैध सुरक्षा सरोकारलाई गम्भीरताका साथ लिन प्रतिबद्ध रहेको जनाएको छ । 'मानवता एक अविभाज्य सुरक्षा समुदाय हो । एउटा देशको सुरक्षा अरूको खर्चमा आउनुहुँदैन । हामी विश्वास गर्छौं कि सुरक्षा हितका हिसाबले सबै देशबराबर छन्,' चीनले भनेको छ, 'सबै देशको वैध र व्यावहारिक सुरक्षा सरोकारलाई गम्भीरताका साथ लिनुपर्छ र उचित रूपमा सम्बोधन गर्नुपर्छ । कुनै पनि देशले आफ्नो सुरक्षाको पछि लाग्दा अरूको उचित सुरक्षा चिन्तालाई ध्यानमा राख्नुपर्छ ।'

चीनले एउटै जहाजमा सवार यात्रु जस्तै, देशहरूले मानव जातिका लागि साझा सुरक्षाको अवधारणालाई बढवा दिन, भयमुक्त र विश्वव्यापी सुरक्षाको आनन्द लिने संसार निर्माण गर्न एकताबद्ध भएर काम गर्न सबैलाई आह्वान गरेको छ । 'यी परिकल्पना साकार पार्न चीनले विश्वव्यापी सुरक्षा पहलको रूपरेखाअन्तर्गत सबै देश र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनसँग द्विपक्षीय र बहुपक्षीय सुरक्षा सहयोग सञ्चालन गर्न र सुरक्षा अवधारणाको समन्वय र चासो को अभिसरणलाई सक्रिय रूपमा प्रवर्द्धन गर्न तयार छ,' चीनले भनेको छ । चीनले 'आणविक युद्ध जित्न सकिँदैन र कहिल्यै लड्नुहुँदैन' भन्नेमा कार्यान्वयनमा जोड दिएको जनाएको छ ।

२०२२ जनवरीमा पाँच आणविक हतियार राष्ट्रका नेताहरूले जारी गरेको संयुक्त वक्तव्य कार्यान्वयनमा जोड दिएको छ । अन्तर्राष्ट्रिय र क्षेत्रीय द्वन्द्वका मुद्दाको राजनीतिक समाधानमा जोड दिएको चीनले वार्ताका माध्यमबाट युक्रेन संकटको राजनीतिक समाधान गर्नुपर्ने बताएको छ ।

चीनले आतंकवादविरुद्धको विश्वव्यापी लडाइँमा केन्द्रीय संयोजकको रूपमा संयुक्त राष्ट्रसंघको भूमिकालाई बलियो बनाउनुपर्ने पनि बताएको छ । संयुक्त राष्ट्रसंघीय महासभा र सुरक्षा परिषद्को प्रभावकारी कार्यान्वयनमा अन्तर्राष्ट्रिय समुदायलाई सहयोग गर्ने पनि चीनले वचन दिएको छ ।

चीनले अनुभव तथा अवधारणा आदानप्रदान र सहयोगका लागि थप अन्तर्राष्ट्रिय मञ्च र संयन्त्र निर्माणमा जोड दिएको छ । 'सुशासन क्षमतामा सुधार गर्ने उद्देश्यका साथ प्रतिआतंकवाद, साइबर सुरक्षा, जैविक सुरक्षा र उदीयमान प्रविधिजस्ता क्षेत्रमा सुरक्षा चुनौतीलाई सम्बोधन गर्नुको विकल्प छैन,' चीनले भनेको छ, 'विश्वविद्यालयस्तरको सैन्य र प्रहरी एकेडेमीबीच थप आदानप्रदान र सहयोगलाई प्रोत्साहन गर्नुपर्छ ।'

प्रेरक

## बुद्धले मागे माफी

बुद्धले आफूले पाएको ज्ञान आफ्ना शिष्यहरूलाई प्रदान गरिसकेपछि ज्ञानको प्रचारप्रसार गर्न देशका विभिन्न ठाउँमा पठाउनुभएको थियो । बुद्धसँग विहारमा केही शिष्य मात्र बाँकी रहेका थिए । त्यसपछि बुद्धले केही दिनका लागि जंगलको यात्रामा निस्कने विचार गर्नुभयो । शिष्यहरूले 'हामी पनि तपाईंको साथमा जान चाहन्छौं' भन्दा बुद्धले 'पर्दैन' । मलाई एक्लै यात्रा गर्न मनपर्छ' भनी अस्वीकार गरी जंगलको यात्रामा एक्लै निस्कनुभयो । यात्राका क्रममा बुद्ध प्रकृतिको भरपुर आनन्द लिनुहुन्थ्यो र आफूलाई मन परेका ठाउँमा ध्यानमा बस्नुहुन्थ्यो । यसै क्रममा बुद्ध एक पटक फल नै फल लागेका जंगलमा पुगी त्यहीँ ध्यानमा बस्नुभयो ।

बुद्ध ध्यानमै रहँदा केही बालकहरू आएर बुद्धको आसपासमा रहेका रूखका फलहरू झार्नका लागि ढुंगा प्रहार गरी फलहरू झारिरहेका थिए । उनीहरूले धेरै फलहरू जम्मा पार्दै थिए । उनीहरूले प्रहार गरेका ढुंगाले लागी रूखबाट फलहरू तल झरेपछि बालकहरू अझ उत्साहित हुँदै अरू फल झार्ने प्रयत्नमा ढुंगा प्रहार गरिरहेका थिए । उनीहरूले प्रहार गरेको एउटा ढुंगाले बुद्धलाई लाग्यो, बुद्धले निधारबाट रगत बग्यो र आँखाबाट आँसु झरे । त्यो दृश्य देखेपछि बालकहरू भयभीत भए र डरले काँप्न थाले । उनीहरू अब के गर्ने सोच्न सकिरहेका थिएनन् । बालकहरूमध्ये एकले भन्यो- 'अब हामीहरू भिक्षुका अगाडि गएर माफी माग्नुपर्छ ।' त्यसैअनुसार उनीहरू भयभीत अनुहार लिएर बुद्धका अगाडि गए । बालकहरू बुद्धका अगाडि हात जोड्दै आए र माफी माग्न थाले । बुद्धले भन्नुभयो- ' बालकहरू हो, तिमीहरूले रूखलाई ढुंगा हानेका थियौं । त्यसको बदलामा रूखले तिमीहरूलाई मीठो फल दियो । तिमीहरूले मलाई पनि ढुंगा हानेका थियौ त्यसको बदलामा मैले तिमीहरूलाई भय मात्र दिन सकेँ । बालकहरू मलाई माफ गर ।'

बुद्धको कुराबाट बालकहरू दंग पर्दै सम्बोधी प्राप्त बुद्धलाई चिने र आफूहरू २० वर्षको भएपछि बुद्धको शिष्य बन्ने वचन गरेर घर फर्किए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफ्नै बेहोसीले नोक्सान पुऱ्याउला । सोखले फजुल खर्च बढाउन सक्छ । काम दोहोर्याउनुपर्ने स्थितिसमेत आउन सक्छ । पहिलेको कारोबार नमिल्नाले व्यवहारमा समस्या पर्न सक्छ । ठूलो भाग पाउने मोहले भएको वस्तुसमेत गुम्न सक्छ । टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ । समयको गतिलाई पछ्याउने प्रयत्न गर्नुहोला । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ ।

### वृष

उठ्नुपर्ने रकम हातलागी हुनेछ । आम्दानी बढ्नाले काममा उत्साह जाग्नेछ । अचल सम्पत्तिको उपयोगबाट थप लाभ हुन सक्छ । नयाँ ज्ञान सिक्ने मौका छ । व्यापार बढ्नेछ भने दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा राम्रै प्रगति होला । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । साथीभाइले पनि फाइदा दिलाउनेछन् ।

### मिथुन

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । नोकरी तथा व्यवसायमा विशेष फाइदा हुनेछ । भौतिक साधनहरू संग्रह हुनेछन् । विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता समेत बढ्न सक्छ । सामाजिक प्रभाव पनि बढ्नेछ । आफ्नो वर्ग वा क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ ।

### कर्कट

कामको चापले जीवनशैली व्यस्त रहनेछ, स्वास्थ्यमा ध्यान पुर्याउनुहोला । सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ । परिस्थितिवश अध्ययनमा पछि परिनेछ । पेसा र व्यापारमा सोचेको फाइदा नउठ्न सक्छ । नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला । केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला । श्रम परे पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

### सिंह

अरूका लागि बुद्धि खर्चनुपर्ला । उपलब्धिविहीन काममा समय बित्नेछ । रकम अभावले आजको योजना स्थगित हुन सक्छ । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । आफ्नो श्रमबाट अरूले फाइदा उठाउलान् । नयाँ काम थाल्न समय पर्खनुहोला । प्रतिफल अनिश्चित रहे पनि गरी आएका कामलाई निरन्तरता दिन सकिनेछ ।

### कन्या

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । प्रेम र मित्रताको बन्धन कसिनेछ भने दाम्पत्य सुखमा रमाउने समय छ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । व्यापारमा फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ । चुनौती पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ ।

### तुला

स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ । साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । चिताएको काम बन्नुका साथै मनग्य धनलाभ हुनेछ । रोकिएको काम बन्न थाल्नेछन् । प्रयत्न दोहोर्याउँदा लक्ष्यप्राप्ति हुनेछ ।

### वृश्चिक

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । आफ्ना विषयमा अरूले दाबी गर्न सक्छन् । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि मिहिनेतले काम बन्नेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन र कृषितर्फ सामान्य लाभ हुनेछ । सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ । नियमित काम सम्पादन हुनेछन् । सत्कार्यमा शुभचिन्तकहरूको साथ पाइनेछ । मनमा चिन्ताले घर गर्नेछ । चिताएको काम सजिलै बन्ने छैन ।

### धनु

बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन् । अरूको विश्वास गर्दा धोका हुन सक्छ । आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ । परिवारमा आमाको सहयोग लिँदा काम बन्न सक्छ ।

### मकर

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । स्रोत-साधन जुट्नाले उद्योग र व्यापारमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ ।

### कुम्भ

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । नयाँ काम गर्ने अवसर प्राप्त हुनाले दैनिकीमा समेत परिवर्तन आउनेछ । अध्ययनमा प्रगति हुनेछ ।

### मीन

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । लक्ष्यअनुसार समयमै काम सम्पादन गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । काममा विशेष अवसर प्राप्त हुनेछ । पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा मनग्य फाइदा हुनेछ । परिवार तथा आफन्तजनबाट विछोडिनुपर्ने समय आएको छ ।

# सन् २०२२ : गणना सुरू गरेयता पाँचौं तातो वर्ष

जलवायु परिवर्तनले वर्षा र उष्ण क्षेत्रीय आँधीलाई तीव्र बनाएको छ, खडेरीको गम्भीरतालाई गहिरो बनाएको छ भने आँधीबेहरीको प्रभाव बढाएको छ

अमेरिकी अन्तरिक्ष निकाय (नासा)ले सन् २०२२ पृथ्वीको सतहको औसत तापक्रमका दृष्टिमा पाँचौं तातो वर्ष थियो । तापक्रमको रेकर्ड राख्न थालिएको सन् १८८० यता गत नौ वर्ष सबैभन्दा तातो रह्यो । पृथ्वीको तापक्रम वृद्धिको प्रवृत्तिलाई निरन्तरता दिँदै सन् २०२२ को विश्वव्यापी तापमान १९औं शताब्दीको औसतभन्दा १.६ डिग्री फरेनहाइट वा ०.८९ डिग्री सेल्सियसभन्दा बढी रहेको अध्ययनले जनाएको छ । 'तापमानको यो प्रवृत्ति डरलाग्दो छ,' नासाका प्रशासक बिल नेल्सनले भने ।

'बढ्दो तापमानले पहिलेबाटै छाप छोडिरहेका छन् । डढेलो तीव्र रूपमा बढिरहेको छ । आँधीबेहरीहरू पहिलेभन्दा बलिया हुँदै छन् । खडेरीको विनाशलीला बढिरहेको छ भने समूह सतह बढिरहेका छन् । यसबीच, नासाले जलवायु परिवर्तनलाई सम्बोधन गर्न प्रतिबद्धतालाई घनीभूत बनाउँदै छ', नेल्सनले भने ।

'मानव गतिविधिहरूले वायुमण्डलमा ठूलो परिमाणमा हरितगृह ग्यासहरूको उत्सर्जन गरिरहनु तापमान वृद्धिको प्रवृत्तिका लागि जिम्मेवार छ । पृथ्वीमा यसका दीर्घकालीन प्रभाव जारी रहनेछन्', जिआइएसएसका निर्देशक गेभिन स्मिटले भने । हरितगृह ग्यासको मानव उत्सर्जन सन् २०२० मा कोभिड-१९ महामारीका कारण अल्पकालीन गिरावट भए पनि अहिले पहिलेकै स्तरमा फर्किएको अध्ययनले जनाएको छ । हालैमा नासा र अन्य अन्तर्राष्ट्रिय वैज्ञानिकहरूले सन् २०२२ मा कार्बन-डाइअक्साइडको उत्सर्जन उच्चस्तरमा रहेको भनी निर्धारण गरेको अध्ययनले बताएको छ ।

नासाले गत वर्ष अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाएको अर्थ सरफेस मिनिरल डस्टसोर्स इन्भेस्टिगेसन उपकरण प्रयोग गरेर मिथेन (अर्को शक्तिशाली हरितगृह ग्यास)का केही उच्च उत्सर्जनकर्ता पनि पहिचान गरेको अध्ययनले जनाएको छ । गत वर्षको अमेरिकन जियोफिजिकल युनियनको वार्षिक बैठकमा प्रस्तुत जिआइएसएस अनुसन्धानका साथै अन्य छुट्टै अध्ययनअनुसार पनि आर्कटिक क्षेत्रले तापमान वृद्धिको सबैभन्दा बलियो प्रवृत्तिको अनुभव जारी राखेको छ, जुन विश्वव्यापी औसतको करिब चार गुणा बढी छ । जलवायु परिवर्तनले वर्षा र उष्ण क्षेत्रीय आँधीलाई तीव्र बनाएको छ, खडेरीको गम्भीरतालाई गहिरो बनाएको छ भने आँधीबेहरीको प्रभाव बढाएको छ ।

गत वर्षले ल्याएको मुसलधारे मनसुनी वर्षाले पाकिस्तानलाई तहसनहस बनायो । अमेरिकाको दक्षिणपश्चिममा लामो खडेरी निम्त्यायो । सेप्टेम्बरमा आएको इयान नामक तुफान अमेरिकालाई प्रहार गर्ने सबैभन्दा शक्तिशाली र महँगो आँधीमध्ये एक बन्यो ।

कसरी विश्वव्यापी तापमान समयसँगै परिवर्तन हुन्छ भन्ने जान्नका लागि नासाले सन् १९५१ देखि सन् १९८० को अवधिलाई बेसलाइनका रूपमा प्रयोग गरेको थियो । यो बेसलाइनमा ला निना र एल निनोजस्ता जलवायु ढाँचाका साथै अन्य कारणले असामान्य रूपमा तातो वा चिसो वर्ष समावेश छन् । बेसलाइनले पृथ्वीको तापक्रममा आउने प्राकृतिक भिन्नतालाई समेटेको अध्ययनको दाबी छ ।

-एजेन्सी

# खेलकुदको विकासमा राज्यको भूमिका

**– ओमकृष्ण प्रसाई**

खेलकुद मानव जीवनको अभिन्न अंग हो। २१ औं शताब्दीमा खेलकुद मनोरञ्जनको साधन मात्र नभई विकासको आधारशीला पनि हो। खेलाडीहरू स्वभावैले शारिरीक रुपमा तन्दुरुस्त र मानसिक रुपमा स्वच्छ हुन्छन्, खेलकुद हरेक राष्ट्रका नागरिकको शारिरीक, मानसिक एवं वौद्धिक विकासको माध्यम बनी जनताको जीवनशैलीको महत्वपूर्ण अंग बनेको हुन्छ। हामी नेपाली हौं, हाम्रो परिचय नेपाली हो। हरेक खेलाडीले शारिरीक तन्दुरुस्तीका लागि र आत्मरक्षाका लागि खेल खेल्छ नै, यसका अलवा राष्ट्रिय अर्न्तराष्ट्रिय क्षेत्रमा नेपाली खेलाडी बनी नेपाल राष्ट्रको झण्डा विश्वसामु फहराउन जीवनका सम्पूर्ण उर्जा खेलको मैदानमा खर्चेको हुन्छ, कुनै जाती, धर्म, क्षेत्र, लिंग तथा समुदाय भन्दा माथि उठेर खेलाडी राष्ट्रको लागि खेल खेलेको हुन्छ। खेलकुदको माध्यमद्वारा मातृभुमिलाई अर्न्तराष्ट्रिय जगतमा चिनाउदै राष्ट्रिय गौरव एवम राष्ट्रको स्वाभिमानलाई अभिबृद्धि गर्दै आपसी सम्वन्ध एवम् सद्भावलाई सुमधुर बनाउनुका साथै राष्ट्रको आर्थिक उन्नति, पर्यटन विकास, रोजगार प्रवर्द्धन जस्ता महत्वपूर्ण कुरामा समेत खेलकुदले योगदान पुऱ्याईरहेको हुन्छ। खेलाडी एक आफैमा राष्ट्रका दुत पनि हुन ।

नेपाल जस्तो विकाशोन्मुख राष्ट्र जो भर्खरै आधुनिक विकासको पहिलो पाइला चाल्दै छ। यहाँ शिक्षा, स्वास्थ्य र खेलकुद जस्ता मानवीय जीवनका महत्वपूर्ण अंगलाई समानान्तर रुपमा प्राथमिकताको सूचिमा राखेर विकासे कार्यक्रम ल्याईएमा राष्ट्रको सर्वाङ्गीण विकास हुन सक्दछ तर राज्यका हरेक अंगहरू अधुरो गतिमा हिडिरहेका छन्

नेपाली स्वास्थ्य र शिक्षाका क्षेत्रमा राष्ट्रले कुल बजेटको ठूलो हिस्सा लगानी गरेको छ। तर, त्यसको नगन्य रुपमा मात्र खेलकुदमा बजेट छुट्याईएको छ। आम मानिसमा स्वास्थ्य सम्वन्धी चेतना जगाउन खेलकुद प्रमुख माध्यम बन्न सक्दछ। देशका नागरिकहरू स्वस्थ रहे भने राष्ट्रले स्वास्थ्यको क्षेत्रमा ठूलो लगानी गर्नु पर्ने आवश्यकता समेत पर्दैन। ठूला ठूला अस्पताल र नर्सिङ्ग होमको आवश्यकता पर्दैन। चिकित्सक उत्पादन गर्न, औषधी आयात गर्न लाग्ने ठूलो रकम राष्ट्रको जोगिन सक्दछ। नेपालको सन्दर्भमा अधिकांश विशेषज्ञहरू विदेशमा ठूलो रकम लगानी गरी अध्ययन गर्दछन्। भने, देशमा आयात हुने महँगा औषधीहरू अधिकांश विदेशबाट आयात गरिएका हुन्छन्। यसरी ठूलो धनराशी विदेश गइरहेको हुन्छ। यदि राष्ट्रका नागरिकहरू स्वस्थ रहे भने राष्ट्रले गर्ने ठूलो लगानी बच्ने वाला थियो।

नेपालको कुल जनसंख्याको ४० प्रतिशत जनता युवा पुस्ता हो। लगभग ८ बर्ष देखि ४० बर्ष सम्मको नेपालको जनसंख्या ७० प्रतिशत भन्दा बढी छ। ८ बर्ष देखि माथि ४० बर्ष सम्मलाई आधार मान्ने हो भने २ करोड जनसँख्या यस उमेरका छन्। जसमा प्रत्यक्ष, अप्रत्यक्ष करिव ४० लाखको हाराहारीमा मानिसहरू खेलकुदमा आवद्ध छन्। हरेक ब्यक्तिका आफ्ना आफ्ना विचारधाराहरू हुन सक्दछन्। ति विचार ब्यक्तिगत स्वार्थ, भाषा, धर्म, क्षेत्रियता, समुदाय भन्दा पर रहेर खेल र खेलाडीको विकासका लागि एकजुट हुनु आजको टड्कारो आवश्यकता हो।

शारीरिक र मानसिक रुपमा तन्दुरुस्त खेलाडी जो उर्जावान, प्रतिभावान र जुझारु पनि हुन्छ तर, राष्ट्रको दुर्वलताका कारण खेलकुद र खेलाडी आज अपहेलित र विस्थापित हुन परिरहेको छ। हाम्रो जस्तो विकाशोन्मुख मुलुकको संविधानमा पनि ठोस रुपमा खेलकुद र खेलाडीले उचित स्थान नपाएको अवस्था छ। सवभन्दा ठूलो शक्ति युवाहरू मध्ये पनि खेलाडी बनेर अर्न्तराष्ट्रिय जगतमा नेपालको झण्डा फहराएर विश्व सामु देशलाई चिनाउने खेलाडीको प्रतिनिधित्व संविधान सभामा समेत नगराइनु सम्पूर्ण खेलाडी, खेल शुभचिन्तक र आम नागरिक प्रतिका ठूलो अपमान हो। न कि संविधान सभामा समेत सम्पूर्ण जाती, जनजाती, दलित, महिला, पिछडावर्ग साथै तेश्रो लिंङ्गीको समेत प्रतिनिधित्व गराइएको अवस्था छ। संविधान सभाका सबै पार्टीले यति धेरै महत्व बोकेको खेलकुद विद्यालाई उचित स्थान दिनु पर्छ।

राष्ट्रको सर्वाङ्गीण विकास र सर्वोत्तम विकासका लागि खेलकुदलाई मानवीय जीवनको अभिन्न अंगका रुपमा लिनुका साथै खेलकुदलाई आधुनिकरण गर्दै विद्यालय देखि विश्वविद्यालय तह सम्म योजनाबद्ध ढंगले विकास गर्दै लैजानु आजको आवश्यकता हो। यस तर्फ सरोकारवाला निकाय, बुद्धिजीविवर्गको ध्यानकेन्द्रित हुनु आवश्यक छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Discredit = सच्चरित्रमा दाग लाग्नु The government of India led by Bajpeyi was discredited by the tehlke .com तहल्का डट कममार्फत गरिएको इन्टरनेट प्रसारणले बाजपेयी सरकारको सच्चरित्रमा दाग लाग्न पुग्यो ।

Exacerbate = झनै नराम्रो अवस्थामा पुऱ्याउनु The election of Saron to the post of Isreali Prime-minister has exacerbated the relation between Isreali and Palestine सेरोनको इजरायलको प्रधानमन्त्री पदमा भएको निर्वाचनले इजरायली र पेलेस्टिनबीचको सम्बन्धलाई झनै नराम्रो अवस्थामा पुऱ्याएको छ ।

Furor= होहल्ला । उत्तेजना The incidence of fund embezzlement created a furor among the employees कोषको दुरुपयोग गरेको घटनाले कर्मचारीबीच ठूलो होहल्ला सिर्जना गरिदियो ।

Grotesque = हाँसो उठ्दो र तर्साउने खालको During Gaijatra people go out by wearing grotesque costumes गाईजात्राको अवसरमा मानिसहरू हँसाउने र तर्साउने खालका लुगा लगाई बाहिर निस्कन्छन् ।

Hovel = भत्केको भग्नावशेष Because of the disaster created by earthquake, people are compelled to live in hovel भूकम्पले गरेको क्षतिको कारण मानिसहरू भग्नावशेष जस्तो भत्केको ठाउँमा बस्न बाध्य छन् ।

Inconsequential = महत्वहीन To go broken some glasses or plates during the the feast is inconsequential भोजभतेरमा केही ग्लास वा प्लेट फुट्नुलाई महत्वपूर्ण मानिदैन ।

Jargon = अप्ठ्यारा प्राविधिक शब्दहरू Since his article is full of gargon very few like it उसका लेख अप्ठ्यारा शब्दले भरिने हुँदा धेरै कमले मात्रै उसका लेखहरू रुचाउँछन् ।

Lucre = पैसा Preferring lucre to fame he writes only stories of popular appeal ख्यातिभन्दा पनि पैसा कमाउने उसको धुन भएको हुँदा ऊ साधारण मानिसको लागि मात्र हुने खालका कथा लेख्ने गर्दछ ।

Lucid = सजिलै बुझ्न सकिने He is an excellent teacher, he gives such a lucid explanation that even a child can grasp is very well उनी एउटा राम्रो शिक्षक हुन् । उनले दिएको उदाहरण एक बालकले समेत सजिलै बुझ्न सक्छ ।

Mutinous = अशान्त विद्रोही The soldiers became mutinous as the government decided to curtail their benfit सरकारले सेनाले पाउँदै आएका सुविधा घटाउने निर्णय गरेको कारण सिपाहीहरू विद्रोही बन्न पुगे ।

# Change बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Change somebody = कसैलाई बदलिदिनु The situation has changed him totally परिस्थितिले उसलाई पुरै बदलिदिएको छ ।

Change something = कुरा बदलिनु He has changed his belief or idea उसले आफ्नो विचारधारा बद्लेको छ ।

Change something = फुकाल्नु She has not changed her official dress yet तिनले अझै आफ्नो कार्यालयको पोसाक फुकालेकी छैनन् ।

Change into = मा परिणत हुनु Caterpillar changes into butterfly झुसिलकिरा पुतलीमा परिणत हुन्छ ।

Change from = बाट बदलिनु We have to wait until red light changes into green बत्ती रातोबाट हरियोमा नबदलुञ्जेल हामीले पर्खनै पर्छ ।

Change from . . .to = सर्नु She has changed her room from Banewor to Gausala तिनले आफ्नो कोठा बानेश्वरबाट गौशालमा सारेकी छिन् ।

Change for = को लागि बदल्नु I do not want to change my car for a bigger one ठूलो गाडीका लागि भनेर म मेरो गाडी बदल्दिन ।

Change in = मा बदल्नु We can change easily the cheque in cash हामी चेकलाई सजिलै नगदमा बदलिदिन सक्छौं ।

Change something with somebody = कोहीसँग केही कुरा साँट्नु Can I change my seat with yours तिम्रो सिटसँग मेरो सिट साँट्न मिल्छ कि ?

Change at = मा बदल्नु Change your bus at Ratnapark If you want to go to Patan पाटन जाने हो भने रत्नपार्कमा बस बदल्नु ।

## सुडोकु-अंक २९०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ७ | | १ | | २ | | |
| ५ | | ६ | | | | ३ | | १ |
| ३ | | | | ९ | | | | ६ |
| | ४ | ३ | | | | ९ | २ | |
| | | | ८ | | ३ | | | |
| | ७ | ५ | | | | ६ | १ | |
| ७ | | | | ५ | | | | २ |
| २ | | ९ | | | | ४ | | ५ |
| | | ८ | | २ | | १ | | |

## अंक २८९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ८ | ६ | ४ | ५ | ९ | २ | १ | ३ |
| ५ | ९ | ३ | २ | ८ | १ | ६ | ४ | ७ |
| २ | ४ | १ | ६ | ३ | ७ | ९ | ८ | ५ |
| ६ | ५ | २ | ९ | १ | ४ | ३ | ७ | ८ |
| ४ | १ | ८ | ७ | २ | ३ | ५ | ६ | ९ |
| ९ | ३ | ७ | ५ | ६ | ८ | ४ | २ | १ |
| ८ | ६ | ५ | १ | ९ | २ | ७ | ३ | ४ |
| १ | २ | ४ | ३ | ७ | ५ | ८ | ९ | ६ |
| ३ | ७ | ९ | ८ | ४ | ६ | १ | ५ | २ |

# A Grand Celebration

A military parade celebrating the 75th founding anniversary of the Korean People's Army was held amid the cheers of the Korean people in Kim Il Sung Square on February 8, featuring the 75-year victorious history of the KPA which has developed as an epitome of the country's inexhaustible might while performing brilliant feats in the defence of the country and the people.

# DPRK: Demonstrating Its National Might through Military Parade

The Democratic People's Republic of Korea organized a grand military parade on February 8 in Kim Il Sung Square in its capital city of Pyongyang in celebration of the 75th founding anniversary of the Korean People's Army.

The military parade demonstrated the level of development of the country's defence capability and most powerful nuclear strike means.

# Redesigned Military Colours on the Parade Ground

What drew special attention in the grand military parade held in Kim Il Sung Square in the capital city of Pyongyang on February 8 in celebration of the 75th founding anniversary of the Korean People's Army were the military colours that led the parade.

In the course of implementing the ideas and line of the Workers' Party of Korea on army building, the Korean People's Army has recently expanded and reformed many units of its arms and services, renewed their tasks in line with the new situation and environment and changed the strategic and tactical missions of the units in general. The colours of units have been redesigned with this as the background.

The redesigned colours made their debut in the parade, demonstrating their dignity and honour.























## अस्ट्रेलियाका...

यसै वर्षको आगामी जुलाई १ देखि यो नियम पहिलेकै अवस्थामा फर्किने सरकारले घोषणा गरिसकेको छ । पुरानै अवस्था फर्कने बेलामा भने अब नयाँ समयसीमा लागू हुने शिक्षा विभागले जनाएको छ । जुन हप्ताको २४ घन्टा हुनेछ ।

## प्रदेश...

गर्नुपर्छ' उनले भने । 'म यो प्रदेश संरचना खारेज गर्न माग गर्छु ।' उनले प्रदेश संरचनाको मान्यताअनुसार प्रदेशभित्रका स्रोत साधन प्रदेशकै विकासमा खर्च गर्न पाउनुपर्ने भन्दै आफ्नो स्रोत साधन सदुपयोग गर्न नपाउने प्रदेश संरचना किन आवश्यक पऱ्यो भन्ने प्रश्न गरे ।

यसअघि गत २२ माघमा बसेको बैठकमा पनि राप्रपा सांसद आशा लामाले प्रदेश संरचना खारेज गर्नुपर्ने माग गरेकी थिइन् । वाग्मती प्रदेशमा राप्रपा सरकारमा रहेको छ । उसको संसदीय दलका नेता उद्धव थापा खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री रहेका छन् भने प्रदेशसभाको सभामुखमा राप्रपाका भुवन पाठक रहेका छन् ।

कांग्रेस सांसद उत्तम जोशीले सरकारमा रहेका दलले नै प्रदेश संरचनामाथि प्रश्न उठाउनु आपत्तिजनक रहेको बताए । उनले प्रदेश संरचनामाथि प्रश्न गर्न नहुने भन्दै सरकार र संसदको ध्यानाकर्षण गराए । कांग्रेसकै अर्का सांसद हरिप्रभा खड्गीले प्रदेश सभा संसदले नै संघीयताको विरोध गर्नुको अर्थ के हो भन्दै संघीयताको खारेजको माग गर्ने सांसद कुन हैसियतले संसदमा बसिरहनुभएको छ भन्दै प्रश्न गरिन् ।

## बाह्य...

मैदान भएकाले अमेरिका नेपाल मामिलामा सक्रिय कूटनीति अवलम्बन गरिरहेको छ । राष्ट्रपति निर्वाचनको सरगर्मीले नेपाल भूराजनीतिक चपेटामा परिरहेको स्पष्ट संकेत गर्छ ।

नेपालको संविधान २०७२ ले राष्ट्रपति पदलाई 'आलंकारिक' रुपमा राखिएको छ । संविधानको पालनकर्ता याने रक्षक र राष्ट्राध्यक्ष भनेको छ । त्यस्तै नेपाली सेनाको परमाधिपति पनि राष्ट्रपति नै हुने संवैधानिक व्यवस्था छ । तर कार्यकारी प्रमुख भइसकेका माधव नेपाल, बाबुराम भट्टराईदेखि अन्य धेरै नेताहरू किन राष्ट्रपतिका आकांक्षी देखिँदैछन् ? रिटायर्ड राजनीतिक जीवन मस्त आरामपूर्वक बिताउने सोच मात्र हो उनीहरूको ? कि राष्ट्रपति पद कार्यकारी प्रमुखभन्दा विशिष्ट हो ? राष्ट्रपति मन्त्रिपरिषद्को रबरस्ट्याम्प मात्र हो । मन्त्रिपरिषद्को निर्णय बाहिर जाने छुट राष्ट्रपतिलाई संविधानले दिएको छैन । तर प्रथम राष्ट्रपति रामवरण यादव र वर्तमान राष्ट्रपति भण्डारीले संविधानको दायरा नाघेर कार्यकारी प्रमुखको जस्तै भूमिकामा उत्रिएकाले राष्ट्रपति पदको महत्व यतिबिघ्न बढेको हो ।

तत्कालीन प्रचण्ड नेतृत्वको सरकार बहालवाला प्रधानसेनापति रुक्मांगद कटवाललाई हटाएर कुलबहादुर खड्कालाई कायममुकायम प्रधानसेनापति बनाउने निर्णयलाई रामवरण यादवले भारतको निर्देशनमा उल्टाइदिए । यस घटनाले विक्षिप्त बनेका प्रधानमन्त्री प्रचण्डले 'विदेशी शक्तिसँग नझुक्ने' भन्दै प्रधानमन्त्री पदबाटै राजीनामा दिए । सिंहदरबार र शितलनिवासबीचको यो शक्ति संघर्षले राष्ट्रपति पदको गरिमालाई त्यसबेलादेखि घटाएको हो । राष्ट्रपति यादवले बाबुराम भट्टराई नेतृत्वको सरकारले स्वीकृतिका लागि शितलनिवास पठाएको विधेयकहरू समेत रोकेर राखिदिए ।

वर्तमान राष्ट्रपति विद्या भण्डारीले संसदले दुई दुई पटक पारित गरेर पठाएको विधेयक दराजमै थन्क्याइदिइन् । संविधानतः उनलाई यस्तो छुट थिएन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक रुपले गरेको पटक पटकको संसद विघटनलाई उनले अनुमोदन गरिदिइन् । सर्वोच्च अदालतले दुवै पटकको संसद विघटनलाई बदर गरिदिएपछि नैतिकताको आधारमा राष्ट्रपतिले पदबाट राजीनामा दिनुपर्थ्यो ।

अन्तर्राष्ट्रिय लोकतान्त्रिक अभ्यासको अनुशरण गर्न राष्ट्रपति भण्डारीले चाहिनन् । राष्ट्रपति पदको शोभा र गरिमा यहीँबाट निस्तेज बनेको हो । यद्यपि राष्ट्रपतिको सवारीले राजा महाराजाको सवारीलाई मात भने गर्दैरह्यो । मानौं राष्ट्रपति पद राजाकै रुपान्तरित पद हो । त्यसमाथि पनि संविधानको अक्षरशः पालना गर्न राष्ट्रपति चुक्दै गएपछि सो पद कार्यकारी जस्तै शक्तिशाली हो भन्ने भ्रम जनमानसमा उत्पन्न हुनु अस्वाभाविक होइन । अहिले राष्ट्रपति बन्न नेताहरूको लुछाचुँडी पनि यिनै परिघटनाले सिर्जना गरेका लहरहरू शिवाय केही होइन ।

मुलुक यतिबेला राष्ट्रपति निर्वाचनको माहोलले बढ्दो गर्मीसँगै तातिरहेको छ । राज्यका सबै प्रमुख कार्यहरू प्रायः ठप्प छन् । सरकारको ध्याना राष्ट्रपतिमै केन्द्रित छ । बाक्लिएको भेटघाटले प्रधानमन्त्रीले दैनिक प्रशासन चलाउने निर्देशन दिन समेत समय पाएका छैनन् । देश पूरै ठप्प छ । केही समयअघि भारतमा पनि राष्ट्रपति निर्वाचन भएको थियो । द्रौपदी मुर्मु भारतको नयाँ राष्ट्रपतिमा निर्वाचित भएपछि मात्र उनको नाम संसारले थाहा पाएको थियो । तर नेपालमा राष्ट्रपति निर्वाचन हुनुअगावै जसरी व्यक्तिहरूका नाम राष्ट्रपतिमा जोडिएर आए त्यसले दुनियाँलाई मनोरञ्जन दिइरहेको छ ।

हरेक दलका नेताहरू राष्ट्रपति बन्न तँछाडमछाड गरिरहेका छन् । ओलीले माधव नेपाललाई राष्ट्रपतिको ढोक्सा बनाउँदा झलनाथ खनाल खिस्स परेका छन् । पूर्वप्रधानन्यायाधीशहरू कल्याण श्रेष्ठ र खिलराज रेग्मी समेत राष्ट्रपतिको दौडमा सामेल भए ।

उता नेपाल मामिलाका जानकार मानिने भारतीय विश्लेषक एसडी मुनिले देवेन्द्रराज पाण्डे, लोकराज बराल, अनुराधा कोइराला, दमननाथ ढुंगानामध्ये एकलाई राष्ट्रपति बनाउन दलहरूलाई ट्विटमार्फत सुझाए । नेपालको आन्तरिक राजनीतिमा भारतको यस्तो नांगो हस्तक्षेपको विरोधमा सामाजिक सञ्जालका वालहरू अझै भरिएकै छन् ।

पुस १० गते नयाँ सत्ता समीकरण बन्दा राष्ट्रपति एमालेले लिएको थियो । सभामुख, राष्ट्रिय सभा अध्यक्ष र राष्ट्रपति तीनवटै पदमा एमाले अनि अढाई वर्षपछि आलोपालो सहमतिमा ओली प्रधानमन्त्री । कांग्रेस र माओवादीलाई त राजनीतिबाट किनारा नै लगाइदिने ओलीको अभिष्टता अहिले विलखबन्दमा परेको छ । ओलीले नयाँ संसदमा सम्बोधन गर्दा पनि आफूले गरेको संसद विघटनलाई सही भएको जिकिर गरेपछि इतर दलहरू सशंकित बन्न पुगे । आफ्नो एसमेनलाई राष्ट्रपति बनाएर ओलीले देशलाई फेरि मध्यावधिमा झोस्ने त कतै होइनन् भन्ने भयले आखिर प्रचण्डलाई ओली कित्ताबाट टाढा पुऱ्याएरै छोड्यो । उनी पुस २६ गते आफूलाई विश्वासको मत दिएको नेपाली कांग्रेससँग नयाँ गठबन्धन बनाउन पुगे । अब राष्ट्रपतिमा कांग्रेस पक्का भएको छ । माधवलाई एक वर्ष प्रधानमन्त्री दिने सहमति गरेर रोकिएको छ । हेर्नु छ अब एमालेले सरकार छोड्छ कि छोड्दैन ?

## नेपाली...

समस्यामा परेको भन्दै वैदेशिक रोजगार विभागले पूर्वस्वीकृति रोक्ने निर्णय गरेको हो । पछिल्लो समय मोटरसाइकल र ट्याक्सी चालक पदमा त्यहाँ जाने श्रमिकले स्वीकृति मागपत्रबमोजिमको न्यूनतम तलब प्राप्त गर्न नसकेको गुनासो बढेको विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिए ।

भूसालका अनुसार सहजरूपमा लाइसेन्स प्राप्त गर्न नसक्दा लामो समय कामविहीन भई बस्नुपरेको अवस्था रहेको र अधिकांश श्रमिक धेरैपटक ट्राफिक कारबाहीमा परी ठूलो जरिवाना बुझाउनुपरेको गुनासो आएकाले सम्बन्धित मुलुकको ट्राफिक नियम र सडक अनुशासनसम्बन्धी ज्ञान र अनुभवको कमीले गर्दा दुर्घटना बढेसँगै विभागले उक्त निर्णय लिएको हो ।

युएई र कतारमा मोटरसाइकल र ट्याक्सी चालक पदमा श्रमिक पठाउनु सुरक्षित नदेखिएपछि विभागले पूर्वस्वीकृति रोक्ने निर्णय लिएको हो । विभागका अनुसार अर्को निर्णय नभएसम्म यो नियम कार्यान्वयनमा रहने छ । उक्त पदको मागपत्र प्रमाणीकरण नगर्न कतार र युएईस्थित नेपाली दूतावासलाई समेत अनुरोध गरिएको विभागद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

## मतदाता...

संसदका ३३१ र प्रदेश सभाका ५५० जनाको नाम समावेश छ । राष्ट्रपतिको निर्वाचनमा संघीय सांसद र प्रदेश सभा सदस्यहरूले भाग लिन पाउँछन् । प्रकाशित मतदाता नामावलीको दाबी विरोधको उजुरीको समय भोलि १२ बजेसम्म तोकिएको छ । सो समयमा पर्न आएका निवेदन तथा उजुरी उपर आज ३ बजेसम्म छानबिन गरी ४ बजे अन्तिम नामावली प्रकाशन गरिने छ ।

निर्वाचन तालिका अनुसार राष्ट्रपतिको पदको लागि फागुन १३ गते मनोनयन दर्ता र २५ गते निर्वाचन हुँदैछ । राष्ट्रपति विद्यादेवी भण्डारीको समय अवधि फागुन २८ सकिदैछ ।

## अब चीनले...

सम्बन्धमा दुवै देशले छुट्टाछुट्टै अध्ययन गर्नेछन्। सोही अध्ययनले नै नेपाल-चीनबीच के-कति मात्रामा विद्युत् आदानप्रदान गर्न सकिन्छ भन्नेबारे खाका दिनेछ। त्यसपछि मात्रै यसबारे थप प्रक्रिया अघि बढ्ने प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए।

'अब गरिने अध्ययनले नेपाल-चीनबीच के-कति विद्युत् आदानप्रदान गर्न सकिन्छ, त्यसको निश्चित खाका दिनेछ,' उनले भने, 'यदि, अध्ययनले चीनमा विद्युत् निर्यात गर्न सकिने अवस्था देखियो भने ऊर्जासचिवस्तरीय निर्णयमार्फत यसलाई टुंगोमा पुऱ्याउनेछौं।' अबको ६ महिनादेखि एक वर्षमा दुवै देशले आ-आफ्नो अध्ययन सम्पन्न गरेर दोस्रो बैठक बस्ने सहमति भएको पनि उनले बताए।

निर्माणाधीन जलविद्युत् आयोजनाको प्रगतिका आधारमा नेपाल अबको दुई वर्षमा हिउँदमा समेत विद्युत्मा आत्मनिर्भर बन्ने अनुमान गरिएको छ। त्यसलगत्तै, हिउँदमा पनि मागभन्दा बढी विद्युत् उत्पादन हुने अनुमान गरिएको छ। त्यसवेलासम्म नेपाल-चीन अन्तर्देशीय प्रसारण लाइनको निर्माण सम्पन्न गरेर विद्युत् निर्यात गर्ने नेपालको उद्देश्य छ।

नेपाल-चीन प्रस्तावित रातमाटे-रसुवागढी-केरुङ अन्तर्देशीय प्रसारण लाइनको नेपाल खण्डको अहिले वातावरणीय अध्ययन भइरहेको छ। त्यसमा नेपाल खण्डको सम्भाव्यता अध्ययन फागुन ०७८ मै सम्पन्न भइसकेको छ, जुन प्रसारण लाइनको निर्माण पनि अब गरिने अध्ययनका आधारमा सुरु गरिने उपकार्यकारी निर्देशक श्रेष्ठले बताए।

नेपाल र चीनबीच बन्न लागेको यो पहिलो अन्तर्देशीय प्रसारण लाइन हो। सम्भाव्यता अध्ययनले नेपाल-चीन अन्तर्देशीय प्रसारण लाइन बनाउन सम्भव पनि देखाइसकेको छ। यसमा ४०० केभी डबल सर्किट क्षमताको १४९ किलोमिटर लामो प्रसारण लाइनको बनाइनेछ। त्यसमा नेपालखण्ड (रातमाटे-रुसुवागढी)को लम्बाइ ७० किलोमिटर हुनेछ, जसमा २१२ वटा टावर हुनेछ भनी बताइएको छ।

नेपालतर्फको प्रसारण लाइन रुसुवागढीबाट त्रिशूली ३ बी हबसम्म ४०० केभी डबल सर्किट क्षमतामै बनाइनेछ। त्रिशूली ३ बी हबबाट रातमाटेसम्म (२६ किमी) भने मल्टिसर्किट (डबलको पनि डबल) क्षमतामा प्रसारण लाइन बनाइनेछ। सम्भाव्यता अध्ययनअनुसार नेपालखण्डको प्रसारण लाइन बनाउन १३ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने देखिएको छ।

## मुलुकमा...

राजदूत अलि खिन्न भए । मैले सहज हुन खोज्दै भने-'हाम्रो सम्बन्ध यथावत रहन्छ । नेपालमा यस्ता पनि पत्रकार छन् भनेर तपाईले पक्कै सम्झनु हुनेछ ।' त्यसपछि मैले पुस्तक अनुवाद गर्ने कुरा पनि स्वीकार गरिनँ ।

नेपालका कतिपय प्राध्यापक, लेखक, बुद्धिजीवी, उच्चपदस्थ नेता, कर्मचारी आदिलाई दानापानी खुवाएर आफ्नो बनाउन विदेशीले प्रयत्न गर्छन् । राष्ट्रका अदृश्य शत्रु बनाउँछन् । सो घटना मेरा लागि एउटा पाठ थियो ।

भित्री शत्रु, बहुरूपी, रहस्यमय पात्र, अज्ञात शत्रु, लुकेको शत्रु आदि अनेक शब्दले गुप्तचरहरूलाई चिनिन्छ । नेपाली सेनाका एकजना जर्नेलले माओवादी विद्रोहीलाई सेनाका सयकडौं पोशाक दिएर गुप्त सहयोग गरेको कुरा मलाई एकजना मेजर जनरलले सुनाएका थिए ।

राजा वीरेन्द्रका प्रमुख सुरक्षा अधिकृत बनेर सेवा गरेका एकजना सैनिक अधिकृले विदेशी गुप्तचर संस्थालाई सूचना बेच्ने गरेको पनि उनैले सुनाए । त्यस्ता अदृश्य शत्रुहरू आज झन धेरै छन् । किनभने नेपालका गुप्त सूचना प्राप्त गर्न विदेशीहरूबीचमै प्रतिस्पर्धा देखिन्छ ।

प्रकाशचन्द्र टण्डन नामका भारतीय पत्रकारलाई राजा महेन्द्रले २०१८ सालमा 'नेपालबाट तुरुन्त जाउ' भनेर निकाला गरेका थिए । लाजिम्पाटको एउटा होटलमा मेरै उमेरका एकजना भारतीय पत्रकारसँग केही वर्ष पहिले भेट भयो । उनी संयोगले टण्डन थरकै थिए । मैले ठट्टा गर्दै भनें-झण्डै साठी वर्षपहिले नेपालबाट एकजना टण्डन लखेटिएका थिए, तपाइँ उनकै नातेदार त होइन होला नि!

उनले भने-'म प्रकाशचन्द्र (पिसी) कै छोरा हुँ ।' हामी दुवै हाँस्यौ । उनले भने-मेरी आमाले भन्नुहुन्थ्यो, नेपालको विदेश मन्त्रालयले २४ घण्टाभित्र नेपालबाट फर्किनू भन्ने उर्दी जारी गरेपछि मेरा चिसा थाङ्नाहरू पनि पोको पारेर बुबाआमा भाग्नुभएछ । राजा महेन्द्र त खतरनाक राजा थिए रे ।

पिसीले राजा महेन्द्रलाई 'चीनपरस्त' भनेर लेखेका रहेछन्, प्रेस ट्रस्ट अफ इन्डियाको समाचारमा । महेन्द्र रिसले आगो भएछन् । नेपालमा बसेर नेपाल र नेपालीविरुद्ध जथाभावी बोल्ने-लेख्ने विदेशीलाई उनी देश निकाला गर्थे । किनभने ऊबेला नेपालको शासनमा विदेशीको हुकुम चल्दैनथ्यो । बिपीलगायत धेरैको कथन छ-राजा महेन्द्रले थाहा नपाएका कुरा शायद थोरै थिए ।

बिपी प्रधानमन्त्री छँदा 'सभामुखलाई लिएर आउनू' भनेर महेन्द्रले एकजना कर्णेललाई पठाएछन् । उनको निवास, नातेदार, साथीहरूका घर केही फेला नपारेपछि कर्णेलले त्यो जाहेर गरे । महेन्द्रले भनेछन्-'नरदेवी मन्दिरछेउमा मैचाको भट्टीमा जान्छन् भन्ने सुनेको छु, त्यहाँबाट लिएर आउनू ।' नभन्दै, मदिराप्रेमी ब्राह्मण त्यहाँ भेटिए । कांग्रेसका पूर्वमहामन्त्री श्रीभद्र शर्मा भन्नुहुन्थ्यो-वनारसको कुन कुन प्रेसमा नेपाली कांग्रेसले ऊबेला पर्चा छाप्छ भन्ने पनि सूचना थियो, महेन्द्रलाई ।

अंग्रेजीमा कथन छ-'सज्जन हजार शत्रु भन्दा एउटा मूर्ख शत्रु घातक हुन्छ ।' हुन पनि हो, त्यस्तो शत्रु विनासकारी हुन्छ । दश वर्षे द्वन्द्वका बेला हजारौं नेपालीको हत्या गर्ने, कैयन् बैंक लुट्ने, लाखौं मानिसलाई उठिबास गराउनेहरू सज्जन होइनन् । दुर्जनहरूले दुर्जनको प्रशंसा गरे पनि बितेका तेह्र चौध वर्षको अवस्था हेर्दा दुर्जनपन्थीहरूको मोहभंग हुँदै गएको छ ।

'ओडिसी' ग्रन्थमा ट्रोजन हर्सको कथा आउँछ । ग्रिकहरूले युद्धमा पश्चिम अनातोलियामा ट्रोयका जनतालाई जितेको रोचक कथा हो, यो मिथकमय कथा । स्पार्टा देशकी सुन्दरी महारानी हेलेनलाई हरण गर्न ट्रोजन युवराज पेरिसले रणनीति बनाउँछन् । केही सैनिकलाई काठको विशाल 'घोडा' बनाएर लुकाएर लगिन्छ । अहिलेको युगमा ट्रोजन हर्स युद्ध-रणनीतिको 'मेटाफर' (रूपक) मानिन्छ । चिनियाँहरू 'परिणाम प्राप्त भएपछि मात्र प्रचार गर्नू' भन्छन् । नयाँ इनारमा पानी आएपछि मात्र पुरानो इनार पुर्नू भनेका छन्, ज्ञानीजनले ।

छद्मयुद्धका खेलाडी हुन, छद्मशत्रुहरू । मित्र, उच्चस्तरका कर्मचारी, सूचना संग्रह गर्नेहरू, परोपकारी, समाजसेवी, राजनीतिज्ञ आदिका भेषमा नेपालमा राष्ट्र द्रोह नै पेसा बनाउनेहरू धेरै छन् । तसर्थ, अदृश्य शत्रुहरू कहाँ, कसरी, किन काम गर्छन् भन्ने गहिरो विश्लेषण नगरिएसम्म अत्याधुनिक हतियारले युद्ध जित्न सकिँदैन भन्ने युद्धविद्हरूको तर्क छ ।

'मिलिटरी ट्याक्टिस' अध्ययन गरेकाहरूको भनाइ छ-'धेरै शत्रुलाई एकै ठाउँमा मार्न सकियोस् भनेर 'किलिङ जोन' भन्ने व्यूह रचना गरिन्छ । यसमा गुप्त योजना, कमन सेन्स, प्रविधि, अठोट, एम्बुस, सूचना संकलन र त्यसको विश्लेषण लगायतका विषय बुझेका ज्ञाताहरू आवश्यक पर्छ । शुक्राचार्यकृत शुक्रनीति र सुनजुकृत 'युद्धकला' जस्ता ग्रन्थमा यसको विशद चर्चा छ । दश वर्ष चलेको प्रायोजित सशस्त्र विद्रोह आतंकवाद हो कि राजनीतिक समस्या हो भन्ने टुंगो लगाउन नसक्दा राष्ट्रमा अदृश्य शत्रु बढे ।

प्राच्य दर्शनका ज्ञाताहरू भन्छन्- 'विचार नै परम बलशाली हुन्छ ।'

कुनै योजना, क्षमता, योग्यता, अठोट, ज्ञान र साहस नभए पनि मानिस उच्च पदमा पुग्न सक्छ तर ऊ इतिहासमा अमर हुँदैन । जस्तो, नेपालका धेरै राजस्वजीवीहरू घूस, छलकपट, चाकडी, भनसुन वा घोकन्ते विद्याको भऱ्याङ चढेर माथिमाथि पुगे तर सम्झन लायक काम गरेनन् । लोकसेवा आयोगको अनुहार नदेखेका अलोकप्रसादहरू हुन् वा शत्रु देख्दा झडापखाला लाग्ने वीरबहादुर, उनीहरूको भर पर्दा राष्ट्रमा अदृश्य शत्रु बढे, बढिरहेकै छन् । राष्ट्रको रक्षा गर्ने हो भने नेपालले इजरायलकै मोडल अपनाउनु आवश्यक देखिन्छ । शत्रुले इजरायललाई हेप्न खोजेमा उसले ठूलो मूल्य चुकाउनुपर्छ । कसैले राष्ट्रघात गर्छ भने त्यस्तालाई इजरायलमा मानव अधिकार, स्वतन्त्रता र डेमोक्रेसीको खास्टो ओढाएर लुकाइँदैन ।

## विलियम्स...

सरकारलाई पहिले नै जानकारी दिएको थियो। निर्देशक बर्न्स श्रीलंकाको भ्रमण गरी नेपाल हुँदै अमेरिका फर्कने तयारीमा थिए। नेपाल सरकारले स्वीकृति नदिएपछि उनी श्रीलंकाबाटै फर्किएका छन्।

'नेपालमा राष्ट्रपति निर्वाचनको मुखमा शक्तिराष्ट्रका जासुस प्रमुखहरूले यस्तो भ्रमण गर्दा मुलुकको राजनीति र आम रूपमा समेत गलत सन्देश जाने भएकाले निर्देशक बर्न्सको भ्रमण अस्वीकृत गरिएको हो,' परराष्ट्र स्रोतले भन्यो।

सन् २०२१ मार्च १९ मा निर्देशकमा नियुक्त भएका बर्न्सलाई अमेरिकामा संकटको बेला काम गर्ने कर्मचारीका रूपमा चिनिन्छ। कूटनीतिक सेवामा ३३ वर्ष बिताउने क्रममा उनले विभिन्न मुलुकमा राजदूतको जिम्मेवारी सम्हालिसकेका छन्। उनी विदेश उपमन्त्री र राजनीतिक मामिला उपमन्त्री पनि भइसकेका छन्।

अमेरिकामा सीआईए र त्यसका निर्देशकले गुप्तचर सूचना संकलन, विश्लेषण, गोप्य कार्य, काउन्टर इन्टेलिजेन्स र विदेशी सेवासँग सम्पर्क-सम्बन्ध व्यवस्थापन गर्छन्। उनीहरूले मानव स्रोतबाट प्राप्त विदेशी जासुसी जानकारी व्यवस्थापनको पनि निरीक्षण गर्छन्, जसलाई हुमिन्ट (मान्छेको इन्टेलिजेन्स) भनिन्छ। सीआईए निर्देशकले राष्ट्रिय इन्टेलिजेन्सका निर्देशकलाई रिपोर्ट गर्छन्। सिनेटको सल्लाह, सहमति र पुष्टिका साथ राष्ट्रपतिले निर्देशक मनोनीत गर्छन्।

## ह्यारीले...

शपथ ग्रहणपछि भण्डारीले अमेरिकी प्रजातन्त्रको सुन्दर पक्ष र समावेशीताको कारण एक आप्रवासीको रुपमा मतदाताले मत दिएर विजयी गराउनु महत्वपूर्ण उपलब्धि भएको टिप्पणी गर्नुभयो । भण्डारीले अगाडि थप्नु भयो, 'म मेरो जिम्मेवारी वहन गर्दैगर्दा अमेरिकामा रहनुभएका नेपाली भाषी, यही भूमिमा जन्मिएका नेपाली अमेरिकनको सपनालाई समेत केन्द्रमा राखेर काम गर्नेछु ।' भण्डारीले आफनो कार्यकालय रहेको स्थानमा नेपालको झण्डा र सगरमाथाको फोटोसमेत राखेका छन् ।

यस अगाडि आयोजित एक बधाई कार्यक्रममा डा भण्डारीले गीताको सार जस्तै कर्म गर्न आफू लागिरहने बताएका थिए । उनले अगाडि थपे, 'सार्वजनिक सेवामा काम गर्न मलाई गीताको सारले सदैव प्रेरित गर्ने बताउनुभएको छ ।' साथमा नेपाली समुदायका अगुवाहरूले उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

मेरिल्याण्ड राज्यको तल्लो सदन जनरल एसेम्बलीमा डिष्ट्रिक आठ बाट १९ हजार सात सय दुई मत ल्याएर गत नोभेम्बर महिनाको ८ तारिखमा भएको निर्वाचनमा विजयी भएका हुन् । उनी उक्त क्षेत्रबाट सबैभन्दा बढी मत ल्याएर विजयी भएका हुन् ।

भण्डारीले अघिल्लो कार्यकालमा दर्जन विधयेक संसदबाट पारित गराउन सफल भएका थिए । स्वास्थ्य तथा सरकार सञ्चालन समितिमा बसेर काम गरेका भण्डारीले महामारीको बेलामा कसरी जुध्ने र नागरिकको जीवन रक्षार्थ कस्तो रणनीति अङ्गीकार गर्ने भन्ने अत्यन्तै संवेदनशील विषयमा अनुभव लिन पाएको बताएका छन् ।

अमेरिकामा एक आप्रवासीको रुपमा नेपालबाट सन् २००५ मा अमेरिका आउनुभएका भण्डारीले डेढदशक भन्दा बढी मेरिल्याण्डको विद्यालयमा अध्यापन गराउनुभएको अनुभव छ, भने मेरिल्याण्डमा रहेको युनिभर्सिटी अफ मेरिल्याण्डबाट विद्यावारीधिसमेत गरेका छन् । नेपालको पर्वत जिल्लाको थापाथानामा बुबा अम्मरबहादुर भण्डारी र आमा कान्तिकुमारीको कोखबाट जन्मनुभएका भण्डारी आफ्नी पत्नी संगीता भण्डारीसहित सपरिवार अमेरिकामा बस्दै आएका छन् ।

व्यावसायिक, राजनीतिक र अध्ययनमा भण्डारीको सफलता आप्रवासी नेपाली अमेरिकनको लागि मात्र नभइ एशियाली अमेरिकनहरूको लागि पनि रोचक रहेको छ । आगामी चार वर्ष भण्डारीले मेरिल्याण्ड राज्यको विधायकको रुपमा काम गरेर आवश्यक पर्ने कानूनको तर्जुमा तथा बजेट निर्माणमा एक विधायकको हैसियतले काम गर्नेछन् ।

## आठ खर्ब...

उठेको विभागको तथ्याकले देखाएको छ । गत आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक समीक्षा अवधिमा नेपालले गरेको कूल वैदेशिक व्यापारको तुलनामा यसवर्षको सोही अवधिमा गरेको व्यापार २० दशमलव ८४ प्रतिशतले घटेको छ ।

त्यस्तै गतवर्षको तुलनामा आयात १९ दशमलव ९० प्रतिशतले घटेको छ भने निर्यात २९ प्रतिशतले घटेको विभागले जनाएको छ । नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो । माघ मसान्तसम्ममा नेपालले भारतबाट पाँच खर्ब ७० अर्ब ९६ करोड ९७ लाख बराबरको सामान आयात गरेको छ । यही अवधिमा नेपालबाट भारतमा भएको निर्यात भने ६६ अर्ब २२ करोड ६५ लाख बराबर मात्रै छ । ७ महिने अवधिमा चीनबाट एक खर्ब २५ अर्ब पाँच करोड २४ लाख बराबरको आयात गरेको छ भने रू ४२ करोड २६ लाख बराबरको मात्रै निर्यात गरेको छ ।

यो अवधिमा नेपालले वैदेशिक व्यापार गरेको तेस्रो ठूलो मुलुक इन्डोनेसिया हो । इन्डोनेसियाबाट ५७ अर्ब ९ करोड ६९ लाख बराबरको आयात हुँदा १० करोड ३६ लाख बराबर मात्रै निर्यात भएको छ । त्यस्तै, संयुक्त अरब इमिरेट्सबाट २० अर्ब २६ करोड २५ लाख बराबरको सामान आयात हुँदा २५ करोड ८९ लाख बराबरको निर्यात भएको छ ।अर्जेन्टिनासँग १८ अर्ब ५६ करोड ६० बराबरको आयात र १० लाख २० हजार बराबरक निर्यात कारोबार भएको भन्सार विभागको तथ्यंकले देखाएको छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्म नेपालले सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात गरेको छ । विभागका अनुसार ७ महिनामा ८४ अर्ब ६१ करोड ६४ लाख बराबरको डिजेल, ३८ अर्ब ७३ करोड ३३ लाख बराबरको पेट्रोल र ३३ अर्ब ३४ करोड बराबरको एलपी ग्यास आयात भएको छ । यो अवधिमा नेपालले २६ अर्ब ४२ करोड ४२ लाख बराबरको अप्रशोधित सोयाबिन तेल आयात गरेको तथ्यांकले देखाएको छ ।

त्यसैगरी, २३ अर्ब ६६ करोड बराबरको फलाम, १८ अर्ब ४५ करोड ३५ लाख बराबरका सुनजन्य वस्तु, १७ अर्ब ७६ करोड बराबरको अप्रशोधित पाम आयल र १४ अर्ब ७६ करोड ८३ लाख बराबरको स्मार्टफोन आयात भएको देखिन्छ । ७ महिना अवधिमा नेपालबाट सबैभन्दा धेरै पाम आयल निर्यात भएको छ । यो अवधिमा १३ अर्ब ९२ करोड ६७ लाख बराबरको पाम तेल निर्यात भएको देखिएको हो । त्यस्तै, सोयाबिन तेल आठ अर्ब २७ करोड ७५ लाख बराबरको निर्यात भएको छ । विभागका अनुसार चार अर्ब ८९ करोड ७३ बराबरको अलैंची र दुई अर्ब ५८ करोड ३४ लाख बराबरको चिया निर्यात भएको छ ।

वैदेशिक व्यापार गर्ने सबैभन्दा ठूलो नाका वीरगञ्ज भन्सार हो । वीरगञ्ज भन्सारबाट छ महिना अवधिमा रू तीन अर्ब ४३ करोड ६३ लाख ४३ हजार बराबरको सामान आयात भएको छ भने २३ अर्ब २८ करोड ४० लाख बराबरको निर्यात भएको छ । नेपालले यो अवधिमा गरेको कूल वैदेशिक व्यापारमा वीरगञ्जबाट मात्र ३७ दशमलव ३९ प्रतिशत आयात भएको छ भने कूल निर्यातको २४ दशमलव ९२ प्रतिशत हिस्सा रहेको छ ।

त्यस्तै, भैरहवा भन्सारबाट एक खर्ब ३० अर्ब ५३ करोड ९३ लाख बराबरको आयात र पाँच अर्ब ४२ करोड ७० लाख बराबर निर्यात भएको छ । विराटनगर भन्सारबाट एक अर्ब ६ करोड ९० लाख १९ हजार बराबरको आयात हुँदा २५ अर्ब ५३ करोड ८० लाख बराबरको निर्यात भएको पनि विभागल जनाएको छ ।

## विश्वकप...

आयोजक युएईसहित नेपाल, सिङ्गापुर, कतार, हङकङ र मलेसिया सम्मिलित उक्त प्रतियोगिता यही फागुन १२ गतेदेखि सुरु भएको छ । नेपालले आफ्नो पहिलो खेल फागुन १२ गते सिङ्गापुरको सामना गर्दै प्रतियोगिताको उद्घाटन गरेको छ । त्यसैगरी फागुन १३ गते नेपालले कुबेतसँग खेल्नेछ भने १५ गते हङकङसँग खेल्नेछ । त्यस्तै १६ गते मलेसियाको सामना गर्नेछ भने फागुन १८ गते आयोजक युएईसँग खेल्नेछ । राउण्ड रोबिनका आधारमा हुने प्रतियोगिताको शीर्ष स्थान हासिल गर्ने टोलीले आगामी सन् २०२४ मा श्रीलङ्कामा हुने यू-१९ विश्वकपका लागि छनोट हुनेछ । प्रतियोगितामा नेपाली टोलीको मुख्य प्रशिक्षकमा जगत टमटा रहेका छन् भने कप्तानको भूमिकामा देव खनाल रहनेछन् । त्यस्तै नेपाली टोलीका अन्य खेलाडीमा अर्जुन कुमाल, दीपक बोहरा (क), आकाश त्रिपाठी, दीपक बोहरा(ख), दीपक डुम्रे, दीपेश कँडेल, हेमन्त धामी, आकाश चन्द, दुर्गेश गुप्ता, सुवास भण्डारी, विशाल विक्रम केसी, मिलन बोहरा र उत्तम थापा मगर रहेका छन् ।

## चर्को...

विभिन्न नौवटा महासंघ र ३८ वटा संघले संयुक्त रूपमा सडक संघर्षका कार्यक्रम गरेका हुन् । व्यवसायीले हाल बैंकले बढाएको चर्को ब्याजदरविरुद्ध यसअघि धेरैपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि अझै आफूहरूको माग सम्बोधन नभएको भन्दै बाध्यतावस आन्दोलनमा उत्रिनुपरेको बताएका छन् ।

उद्योगी व्यवसायीमा रहेको सिन्डिकेटको अन्त्य र बैंकको ज्यादतीविरुद्ध अहिले आफूहरू पुनः सडक आन्दोलन गर्न बाध्य भएको उनीहरूले बताए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले उद्योगी व्यवसायीले सांसद, मन्त्री बनाइदिन माग नगरेको भन्दै बैंकहरूको चर्को ब्याजदरलगायत ऋण असुल्न गरिएको धरपकडको आतंकलाई बन्द गर्न र व्यवसायीलाई गरिखान दिन आवाज उठाइरहेको बताए ।

उनले देशका उद्योगी व्यवसायीको माग सम्बोधन हुन व्यवसायी आत्मदाह नै गर्नुपर्ने बाध्यात्मक परिस्थितिबाट बचाइदिन माग गरे । यसैगरी, नेपाल राष्ट्रिय व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष कुमार कार्कीले साना लगानीमा व्यवसाय गर्नेले स्वदेशमै गरिखान पाउनुपर्ने वातावरण बनाइदिन माग गरे । उनले व्यापारीले ८ प्रतिशतमा लिएको ब्याज १५ प्रतिशतसम्म पुऱ्याउँदासमेत सरकार चूप लागेर बस्नुपर्ने कुराको अन्त्य हुनुपर्ने बताए ।

अहिले बैंक र वित्तीय संस्था सामन्ती बनिरहेको आरोप लगाउँदै उनले सरकार यसरी मौन बस्न नहुने जिकिर गरे । यसैगरी, उनले सरकारले उद्योगमैत्री नियम कानुन ल्याउन आवश्यक रहेको बताए । पछिल्लो समय कोभिड महामारीलगायतका कारण नेपालका उद्योग धन्दा चल्न नसकेको अवस्थामा सरकारले व्यवसायीका कुनै पनि माग सम्बोधन नगरेको आरोप प्रदर्शनमा उत्रिएका व्यवसायीको छ । उनीहरूले अझै आफूहरूको माग सम्बोधन नभए अब बैंकहरूविरुद्ध थप सडक आन्दोलन गर्ने चेतावनी दिएका छन् । यसअघि पनि व्यवसायीले धेरैपटक काठमाडौंको माइतीघरमा सडक आन्दोलनका कार्यक्रम गरेका थिए ।